जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ११, २०७४ साल असार ९ गते शुक्रबार, नेपाल संवत् ११३७ (June 23, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०/-

## ठूला दलहरू किन मौन ?

काठमाडौं । पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले गोर्खाल्यान्ड आन्दोलनलाई आतंकवादी संगठनसँगको सम्बन्ध भन्दै बदनाम गरिरहँदा नेपालका ठूला राजनीतिक दलहरु भने आन्दोलनको खबर थाहै नपाएझैं गरिरहेका छन् । छुट्टै गोर्खाल्यान्डको माग गर्दै प्रदर्शनमा उत्रिएका नेपाली भाषीहरुको कायरतापूर्वक हत्या गर्दैछ पश्चिम बंगाल सरकार । गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष विमल गुरुङलाई **बाँकी ८ पेजमा**

## एक नेपालीलाई कति विदेशी ऋण ?

काठमाडौं । राजनीतिक दलहरु करोडौं खर्च गरेर निर्वाचन प्रचारप्रसार गरिरहेका छन् । तर देशको अर्थतन्त्र भने रेमिट्यान्सको भरमा चलिरहेको छ । देशमा २१ दशमलव ६ प्रतिशत जनता गरिबीको रेखमुनि छन् । पूर्व विशिष्टहरुको सेवासुविधाको विधेयक तयार गरिन्छ तर हरेक नेपालीको टाउकोमा २१ हजार १ सय २९ रुपैयाँ ४१ पैसा वैदेशिक ऋण थोपिरिएको छ ।

पूर्वाधार विकास र निर्माण तथा सामाजिक रुपान्तरणका लागि भन्दै लिइएको ऋणको भार झन् बढ्दैछ । जनताले देशबाट आधारभूत सेवा तथा सुविधा उपभोग गर्न पाएका छैनन् ।

# आचारसंहिताको खिल्ली उडाउँदै दलहरु

काठमाडौं । अबको चार दिनपछि प्रदेश नं. १, ५ र ७ मा ३५ जिल्लाका ३ सय ३४ स्थानीय तहका लागि निर्वाचन हुँदैछ । यो निर्वाचनमा पनि पुरानै दलहरु कांग्रेस, एमाले र माओवादी केन्द्रबीच नै मुख्य प्रतिस्पर्धा हुने देखिएको छ । संघीय समाजवादी फोरम, फोरम लोकतान्त्रिक पनि चुनावी मैदानमा होमिएका छन् । बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति आफ्नो उपस्थिति देखाउने जमर्को गरिरहेको छ ।

काठमाडौं महानगरको निर्वाचनमा दोस्रो र तेस्रो हैसियत कायम गरेका विवेकशील नेपाली दल र साझा पार्टीको चर्चा भने दोस्रो चरणको निर्वाचनमा अलिकति पनि छैन । स्थानीय तह निर्वाचन ऐन संसदबाट पारित गरेर संसद बाहिरका नयाँ दलहरुलाई चुनाव चिन्हविहीन बनाएका कांग्रेस, एमाले र माओवादी केन्द्रसँग यसपटक पनि स्वतन्त्र उम्मेदवारहरुले मुकाबिला गर्न नसक्ने प्रस्ट देखिएको छ । पहिलो चरणको निर्वाचनमा शर्मनाक पराजय व्यहोरेको राष्ट्रिय प्रजातन्त्र पार्टी दोस्रो चरणको निर्वाचनमा अस्तित्व जोगाउने जमर्कोमा छ । तर कांग्रेस, एमाले र माओवादी केन्द्रकै चुनावी बाढी आएका कारण राप्रपा बगेर जाने विश्लेषण गर्न थालिएको छ ।

स्थानीय तह निर्वाचनअन्तर्गत कुल ७ सय ४४ स्थानीय तहका कुल १८ हजार ५ सय ७२ निर्वाचन केन्द्रमध्ये दोस्रो चरणमा ८ हजार ३ सय ६४ केन्द्र र ४ हजार ५ सय ८१ स्थलमा निर्वाचन हुने निर्वाचन आयोगले बताएको छ । जसमा १ महानगर, सात उपमहानगर, १ सय ११ नगरपालिका २ सय १५ गाउँपालिका रहेका छन् । १४ असारमा हुने निर्वाचनमा ६४ लाख ३२ हजार ७ सय ६५ मतदाताले भाग लिनेछन् भने सो निर्वाचनबाट १५ हजार ३८ प्रतिनिधि चयन हुनेछन् । प्रदेश ३, ४ र ६ मा भने गत वैशाख ३१ मै निर्वाचन सम्पन्न भइसकेको छ । प्रदेश नं. २ मा असोज २ मा निर्वाचन गर्ने




सरकारले घोषणा गरेको छ । प्रदेश नं. २ मा पनि असार १४ मा नै निर्वाचन गराउने सम्पूर्ण तयारी निर्वाचन आयोगले गरिसकेको थियो । तर मधेसी दलहरुको एकीकृत स्वरुप राष्ट्रिय जनता पार्टीले प्रदेश नं. २ को निर्वाचन असोजमा सार्न आग्रह गरेपछि सरकारले कुनै गृहकार्य नै नगरी मुख्य विपक्षी दल एमालेसँग बिना कुनै छलफल एकलौटी निर्णय लिँदै २ असोजमा निर्वाचन सारेको छ ।

यता राजपाले भने आफ्नो सहमतिमा निर्वाचन सारिएको भन्ने सरकारको भनाइको कडा खण्डन गर्दै आन्दोलनलाई निरन्तरता दिइरहेको छ । राजपाले संविधान संशोधन र स्थानीय तह बढाउने विषयलाई आन्देलनको एजेन्डा बनाएको छ । असोज २ गते अगाडिसम्म पनि संविधान संशोधन हुने कुनै सम्भावना छैन । स्थानीय तह बढाउन सर्वोच्च अदालतले रोकेको छ । कुनै नाटकीय घटना नघटे अहिलेको परिस्थिति परिवर्तन हुने देखिँदैन । फेरि पनि राजपा चुनावमा आएन भने सरकारले के गर्छ ? निर्वाचन आयोगले राजपाले मागे छाता चुनाव चिन्ह दिन सकिने भन्दा पनि राजपाका नेताहरुले कुनै वास्ता गरेका छैनन् । वरपर निर्वाचनको माहौल तातिरहेको छ तर प्रदेश नं. २ सुनसान छ, मानौं यो नेपालको भूगोल नै होइन ।

राजपाका नेताहरुले स्थानीय तहको निर्वाचनलाई नौटंकी बताइरहेका छन् । पूर्व झापादेखि पश्चिम महेन्द्रनगरसम्मको तराईको भूभागलाई २ प्रदेश बनाइनुपर्ने उनीहरुको अडान छ । प्रदेश सभाको अनुमतिबिना सिमांकन चलाउन नपाइने संवैधानिक प्रावधान छ । प्रचण्ड नेतृत्वको सरकारले प्रदेशसभालाई जानकारी मात्र गराएर पुग्ने गरी संसदबाटै सिमांकन परिवर्तन गर्न संविधान संशोधन विधेयक संसदमा दर्ता गरेको छ । एमाले नेतृत्वको ९ दलीय विपक्षी गठबन्धनले विधेयकलाई कार्यसूचीमा ल्याउनै दिएको छैन । सत्तापक्षसँग विधेयक पारित गर्ने आवश्यक दुईतिहाई मत नभएका कारण संशोधन विधेयक संसदमा अलपत्र अवस्थामा छ । प्रधानमन्त्री शेरबहादुर देउवा असोजअगावै दुईतिहाई मत पुऱ्याएर विधेयक पारित गराएर मधेसी दलहरुले प्रधानमन्त्री निर्वाचनमा लगाएको गुन तिर्छु भन्दै मधेसी नेताहरुलाई आश्वासन दिइरहेका छन् । साउन अन्तिम साता देउवा भारतको औपचारिक भ्रमणमा जाँदैछन् । दिल्लीले उनलाई दिने सुझाव र निर्देशन बहुप्रतिक्षित बनेको छ । प्रचण्ड र देउवाबीचको गठबन्धन दिल्लीले नै तयार गरेको हो र **बाँकी ८ पेजमा**

## इलाममा गोर्खाल्याण्डका चेलीहरुको प्रदर्शन

काठमाडौं । गोर्खाल्यान्डको माग गर्दै भइरहेको आन्दोलनको बंगाल सरकारले दमन गर्न खोजेपछि त्यसको विरोधमा इलाममा गोर्खाल्याण्डका छोरीहरुले र्‍याली निकालेका छन् । बंगाली भाषालाई बाध्यकारी बनाउने प्रयासपछि पश्चिम बंगालको नेपाली भाषी भारतीयको सघन बसोबास भएको दार्जीलिङ र आसपासका क्षेत्रमा चर्केको गोर्खाल्याण्ड आन्दोलनको मागलाई समर्थन गर्दै उनीहरुले गोर्खाल्याण्ड आन्दोलनका पक्षधरलाई आतंककारी नठान्न बंगाल सरकारलाई आग्रह गरेका छन् । र्‍यालीमा हामी गोर्खाल्याण्ड चाहान्छौ लगायतका प्लेकार्ड प्रदर्शन गरिएको थियो ।




इलाममा दार्जीलिङ, खर्साङ, मिरीकसहितको गोर्खाल्याण्डबाट विवाह गरेर आएका हजारभन्दा बढी चेली रहेका छन् ।

यता आन्दोलनमा उत्रेको गोर्खा जनमुक्ति मोर्चासहितका दलले बिहीबार बंगाल मुख्य मन्त्री ममता बेनर्जीले बोलाएको सर्वदलीय बैठकमा सहभागी नहुने जनाएका छन् । बंगाल सकारले धडपकडसहित राज्य आतंक मच्चाएको आरोप लगाउँदै आएका गोर्खाल्याण्डका पक्षधर दलले ममताले बोलाएको **बाँकी ८ पेजमा**

## अंग्रेजी सपार्दा नेपाली बिग्रियो

काठमाडौं । विद्यालय शिक्षामा अंग्रेजीको होडबाजी चलेको छ । निजी विद्यालय पढ्ने विद्यार्थीले फरर अंग्रेजी बोलेको सुनेपछि सरकारी विद्यालय छोडाएर आफ्ना नानीहरुलाई चर्को शुल्क तिरी बोर्डिङ पढाउने लहर नै चल्यो । यो लहरले सरकारी विद्यालयमा विद्यार्थीको संख्या न्यून हुन थाल्यो र शिक्षकलाई जागिर पकाउन र शिक्षा क्षेत्रका सरकारी अधिकारीलाई लाज ढाक्नसमेत गाह्रो हुन थाल्यो । अनि सरकारीमा विद्यार्थी तान्न अंग्रेजी भाषाको माध्यममा पठनपाठन थालियो । यसको प्रत्यक्ष असर नेपाली भाषामा परेको छ । बहुसंख्यक नेपालीको मातृभाषा र सम्पूर्ण नेपालीको सम्पर्क भाषाका रुपमा रहेको नेपाली भाषामाथि विभिन्न खाले प्रहार पनि भइरहेका छन् । नेपाली भाषाका ज्ञाता मानिने विद्वानहरुले भाषा बिगारेर निकालेको शब्दकोष तथा पाठ्यपुस्तकहरुले पनि विद्यार्थी र शिक्षकमा दुविधा पैदा गऱ्यो । यस्ता विभिन्न कारणहरुले गर्दा यस पटकको एसईई परीक्षामा नेपाली विषयमा विद्यार्थीहरुले सन्तोषजनक अंक ल्याउन सकेनन् । करिब ६५ हजारभन्दा बढी विद्यार्थीले नेपाली विषयमा राम्रो अंक नल्याएकै कारण कक्षा ११ पढ्न नपाउने भएका छन् ।

सरकारले यस वर्ष जुनसुकै विषय पढ्न पनि अनिवार्य नेपालीमा डि प्लस अंक ल्याउनुपर्ने व्यवस्था गरेको छ । 'डि प्लस' भन्दा तल्लो ग्रेड ल्याउनेले ११ कक्षामा भर्ना हुन पाउँदैन ।

विद्यालयमा पढाउँदा अंग्रेजी, गणित, विज्ञान जस्ता विषयलाई



प्राथमिकता दिने गरिए तापनि नेपाली विषयको बेवास्ता गरिन्छ । नेपाली भाषा पढाउन जुनसुकै शिक्षक पनि अग्रसर बन्ने र विद्यार्थीले पनि जानिहालिन्छ नि भनेर बेवास्ता गर्नाले पढाइको स्तर खस्किएको लामो शिक्षण अनुभव भएका ज्ञानेन्द्र रेग्मी बताउँछन् । निजी विद्यालयहरुमा नेपाली बोल्नसमेत विद्यार्थीलाई प्रतिबन्ध लगाइन्छ । जसले गर्दा बोर्डिङका विद्यार्थी पनि नेपालीमा कमजोर देखिन्छन् । सरकारले विद्यालयलाई प्रदान गर्ने दरबन्दीमा पनि नेपालीलाई बेवास्ता गरेको आरोप शिक्षकहरु लगाउँछन् । नेपाली भाषा संकटमा पर्दै जान थालेकाले सरकारले यसतर्फ गम्भीर रुपमा ध्यान दिन आवश्यक छ ।

## काठमाडौं महानगरमा खानकै धन्दा

काठमाडौं । नेपालीमा एउटा उखान छ- 'कसैलाई केको धन्दा घरज्वाइँलाई खानकै धन्दा' भन्ने उखान अहिले काठमाडौं महानगरमा चरितार्थ हुन थालेको छ । झन्डै बीस वर्षसम्म जनप्रतिनिधिविहीन भएको काठमाडौं महानगरले विद्यासुन्दर शाक्यलाई नयाँ मेयरका रुपमा पाएको छ । मेयर भएलगत्तै उनी कुचो समातेर सडकमा निस्कँदा जनताले ठूलै आशा राखेका थिए । पक्कै पनि यी मेयर 'सादा जीवन उच्च विचार' का होलान् भन्ने धेरैलाई लागेको थियो तर दोस्रो चरणको निर्वाचन सम्पन्न भएर बाँकी स्थानीय तहले जनप्रतिनिधि नपाउँदै यी मेयरले गरेका केही निर्णय हेर्दा कतै यी र यिनको टिम पनि खञ्चुवा समूहकै सदस्य हुन् कि भन्ने प्रश्न उठ्न थालेको छ ।

चुनाव जित्नुअघिका लोकप्रिय नाराहरुलाई बिर्सँदै महानगरपालिकाको



बैठकबाट अलोकप्रिय निर्णयहरु गर्न थालेपछि मेयरको पार्टी एमालेको छविमाथि नै असर पुग्ने देखिएको छ । महानगरका मेयरलगाायत जनप्रतिनिधिहरुले आफ्ना लागि महँगा मोबाइल सेट खरिद **बाँकी ८ पेजमा**

## समय-सन्दर्भ | भारतको बोली र व्यवहारमा फरक

**राजेन्द्र शर्मा**

नेपाल एक सार्वभौम र स्वतन्त्र राष्ट्र भए पनि नेपालभित्र बढ्दो भारतीय चलखेलले नेपाल विहारको विस्तारित रुप हो कि भन्ने भान गराउँछ । सन् १९१६ को सुगौली सन्धिपछि नेपाल भूपरिवेष्ठितबाट भारतवेष्ठित मुलुक भएको हो । राणा शासनका अन्तिम उत्तराधिकारी मोहनशमशेरले आफ्नो जहाँनियाँ निरंकुश शासनलाई निरन्तरता दिन सन् १९५० मा भारतसँग शान्ति तथा मैत्री सन्धि गरेर नेपालभित्र भारतीय हस्तक्षेपलाई सिधै प्रवेश गराए । २००७ सालको कथित जनक्रान्तिमा मध्यस्थताको भूमिका खेलेको भारतले बीपी कोइरालालाई वासपास गर्दै मातृका कोइरालालाई प्रधानमन्त्री बनाउन सफल भयो । यसपछि भारतीय हस्तक्षेप नारायणहिटी दरबारदेखि क्याबिनेट बैठक समेतमा पर्न थाल्यो । राजा त्रिभुवनका स्वकीय सचिव भारतीय भए भने क्याबिनेट बैठकमा भारतीय राजदूतको उपस्थिति हुन



थाल्यो । दिल्ली सम्झौताको विरोध गर्ने किसान नेता भीमदत्त भारतीय सेनाद्वारा मारिए । डा. के आई सिंह लखेटिएर चीन भाग्नुपऱ्यो ।

नेपाली नेताहरुमा भारतीय समर्थनबिना सत्तामा पुग्न नसकिने मनोविज्ञानका कारण भटाभट राष्ट्रघाती कामहरु हुन थाले । भारतलाई खसी पार्न मातृकाले सप्तकोशी भारतलाई चढाए । बीपीले गण्डक र गिरिजाले टनकपुर । पछि राष्ट्रघात गरेर सत्ता जोगाउने र सत्ता चढ्ने होडबाजीमै उत्रिए नेताहरु । महाकाली एकीकृत परियोजनाका नाममा कांग्रेस एमालेसमेत मिलेर महाकाली नदी भारतलाई सुम्पिए । अरुण तेस्रो परियोजना भारतीय सरकारी कम्पनी सतलजको जिम्मा दिइयो । माथिल्लो कर्णाली पनि भारतकै पोल्टामा पारियो । यतिमात्र होइन भारतीय व्यापारीको पुँजी संरक्षणका लागि बिप्पा सम्झौता गरियो । अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय एयरमार्सल रहने गरेको यथार्थता सार्वजनिक भएको छ । सुपुर्दगी सन्धि र स्ट्रिप म्यापमा हस्ताक्षर गराउन भारतले दबाब दिइरहेको छ ।

दशगजा क्षेत्रमा भारतले सडक विस्तार गरिरहेको छ । लक्ष्मणपुर, महौलीसागर जस्ता बाँधहरु बाँधेर भारतले नेपाली भूभागलाई बर्सेनि डुबानमा पार्दै आएको छ । सूर्यबहादुर थापाको 'भायसराय' अधिकार हुँदै पुष्पकमल दाहालसम्म आइपुग्दा नेपाल अन्तर ाष्ट्रिय विषयमा स्वतन्त्र हैसियतमा **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

सम्पादक/प्रकाशक

सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं

कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,

इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np

*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

# रअका कुकुर हौ जतिबेर सुत्न सक्छौ सुत



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

बंगाली मुख्य मन्त्री ममताले नेपाली माटो दार्जिलिङमा बंगाली भाषा थोपर्न गरेको दुस्साहसको कारण दार्जिलिङमा आन्दोलनले हिंसात्मक रुप लिइरहेको छ । भारतीय सुरक्षा बलको गोलीबाट सहादत प्राप्त गर्ने वीर गोर्खालीको संख्या ४ पुगिसकेको छ त्यहाँ । दार्जिलिङमा बलेको आगो पूर्वोत्तर भारततर्फ मात्रै नभई दिल्लीसम्म पुगेको छ । भारतीय सेनामा कार्यरत ६५ हजार गोर्खा सैनिक भड्किई भारत टुक्रा टुक्रामा विखण्डन हुने स्थितिको सिर्जना हुन लागेको छ विस्तारै । रामदेव जस्ता नाम कमाएका गुरुले समेत दार्जिलिङ नेपालको हो, नेपाललाई फिर्ता देऊ भनेर बोलीसकेको र सुभाषचन्द्र वोसका नातिले पनि दार्जिलिङ भारतको होइन, नेपाली माटो हो भनेर ठोकुवा गरिसकेको अवस्था छ । सोसल मिडियामा जताततै भारतीय औपनिवेशिक दमनको ब्यापक आलोचना भइरहँदा नेपालका आफूलाई राष्ट्रवादी दल भन्नेहरु कानमा तेल हालेर थाहा पाएको नपाई गरेर बसिराखेका छन् । त्यतिमात्र कहाँ हो र १५ अगष्ट र जनवरी २६ का दिन भारतीय दुतावासमा लाइन लागेर हण्डी थाप्न जाने नेपाली पत्रपत्रिकाहरुले पनि दार्जिलिङमा चम्केको राष्ट्रभाषा र राष्ट्रवादको आन्दोलनलाई कुनै महत्व दिइरहेका छैनन ।

भारतीय गुप्तचर संस्था रअको दानापानी खाएर भारतको गुणगान गाउने यी कुकुरहरु यस कारण पनि मस्त निन्द्रामा छन् कि उनीहरु नेपाललाई सिक्किम वा दार्जिलिङ बनाउने भारतीय ग्रान्ड डिजाइनमा लागि परेका छन् । नेपालमा बसेका १ करोड भारतीय आप्रवासीहरुलाई नागरिकता दिन मिल्दैन भनी नागरिकता विधेयकमा लालमोहर नलगाई सर्वोच्च अदालतमा पठाइदिने राजा वीरेन्द्रको वंशनाश गर्ने पनि यिनै भारतका पाल्तु कुकुरहरु हुन् । आफ्ना मालिकले भारत बोलाई १२ बुँदे सम्झौतामा हस्ताक्षर ठोक्न लगाउँदा गौरव महसुस गरी नेपालबाट राजतन्त्र फाल्ने पनि यिनै कुकुरहरु हुन् । राजतन्त्र फाल्न पाउँदा नपाउँदाको अवस्थामा नै ४५ लाख आप्रवासी भारतीयहरुलाई नागरिकता दिने विधेयकमा हस्ताक्षर ठोक्ने पनि यिनै कुकुरहरु हुन् । पुराना कुकुरहरु त रअको हड्डी चुसेर नेपालमा राजनीति गर्न पल्केका कारण दार्जिलिङमा आगो बल्दा यहाँ मस्त निदाइरहेका छन तर आफूलाई विवेकशील अनि साझा पार्टी भन्नेहरु खै कुन दुलामा छन् । यी पनि त आखिर भारतीय दुतावासले बाँड्ने भत्ताकै लालायित नै त होलान्, भारतकै समर्थनमा मात्रै नेपालमा राजनीति गर्न सकिन्छ भन्ने ठान्छन होला, होइन भने किन यिनीहरुको मुखमा माड लागेको ? स्कुटी र मोटरवाइक पुस्ताका यिनीहरुलाई भारतले पेट्रोल नदेला भन्ने ठूलो डर छ त्यसैकारण यिनीहरु त झनै भारतका पिछलग्गु हुने नै भइ हाले । नयाँ जोगीले झनै बढी खरानी घस्छ भनेझैँ यिनीहरुले पनि नेपाली राष्ट्रवाद जर्गेना गर्लान् भनेर नसोच्दा हुन्छ । पेट्रोल सस्तो पाइन्छ भने बरु भारत हुनु नै ठीक भन्ने वर्गमा पर्छन् यिनीहरु । दार्जिलिङका जनताले राष्ट्रभाषा र राष्ट्रवादको पक्षमा जसरी ज्यानको आहुती दिइरहेका छन् त्यसले नालापानीको युद्धलाई पुनर्जिवित गरेको छ । त्यहाँ भएको आन्दोलनलाई नजरअन्दाज गरी सुत्ने रअका भुस्याहा कुकुरहरुलाई अब विष दिएर मार्ने दिन आउँदैछ । त्यसकारण रअका कुकुर हौ जतिवेर सुत्न सक्छौ सुत !

# अनि मात्र हुन्छ नेपालको उन्नति



**जगदीश लामिछाने**
रौतहट, पौराई

इजरायलले अमेरिका समेतमै अरबको मरुभूमिमा खेती गरेको र त्यहाँ गोलभेडामा नै गुलियो बनाएको तथा बालुवामा कृषि लहलह पारेको पनि योग नै हो । उसले युरोप अमेरिकाको दुःख सम्झेर नै मनोयोग साथ काम गरेरै मात्र हो । त्यत्तिको दुःख प्यालेस्टिनीहरुलाई नपरेको र उनीहरु यहुदी जस्ता वैज्ञानिक पनि नहुँदा ९ वटा हम बडा अरब राष्ट्रहरु साथी भए पनि दुःखी नै छन् । यिनले योगको भौतिक रुप त के सांख्य योग पनि लिन सकेनन् । नेपालीहरु बलेको आगो ताप्ने नै भए बूढाबूढी हेरालु हजारौं अहिले इजरायलकै काममा छन् ।

संसारको रुपमै विविधतामा एकता भयो भने उन्नति भयो भन्छन् । विविधतामा छरिएर बसे भने त्यही दुःख हुनु स्वाभाविकै हो । यहाँ बुद्ध वाणी सम्झना हुन्छ- 'दुःख छ निदान पनि छ' यसको तात्पर्यतिर लागेको भए हामी सांख्य योगी हुने थियौं, योगमै फर्किने थियौं । भौतिक उन्नतिमै इजरायल जस्तै त हुने थियौं । व्यावहारिक रुपको नभए पनि छ भनी हिमवत खण्डको घमण्डले गर्दा केवल वीर तथा बुद्धु भएर बितायौं । यसैले हाम्रा छिमेकका दुःख हटाउनु त कता हो कता आफ्नै घरको खोले फाँडोको सुधार गर्न पनि सकेका छैनौं ।

रोगी यहाँ हामी मात्र होइनौं भारतै थियो । अहिले समृद्धितिर बढ्दैछ । चीनको समृद्धि पनि वर्तमानकै हो । अरु अफगानिस्तान, पाकिस्तान, बंगलादेश र श्रीलंकाहरु विकासशील हुने कोसिसमा भए पनि अफगानिस्तानलाई अशान्तिको आगोले लपेटेको धेरै भयो । हामी प्रजातन्त्र संसारको कुहिराको काग भएको वि.सं. २००४ सालदेखि नै हो किनभने प्रजातन्त्र छोड्न पनि सक्दैनौं । फलिफाप गराउन पनि सक्दैनौं । हामी हिमवतखण्ड नेपाल हुन सक्थ्यौं आफैं भएनौं कटु सत्य यही हो । कवि कालिदासले उत्तरतिरको हिमालय देवताको आत्मा नै हो भनेकै छन् । खोइ त हामीले आफू आफ्नाहरुसँग आत्मीयता प्रकट गरेको ? यसो गरेको भए हामी भौतिक र आध्यात्मिक दुवै रुपले उन्नतिशील नै हुने थियौं । वेदवेदांगकै अध्ययनले पनि त 'इषेत्वोर्जे त्वां' आदि एउटै ऋचा मात्र जानेको भए प्रकृति पूजक भएरै हामी भौतिक र आध्यात्मिक उन्नतिमा उक्लिने थियौं । केवल 'शुर' अथवा बहादुर मात्र भएर संसारभर काम खोजी दौडनुपर्ने थिएन ।

राष्ट्र प्रमुख, प्रधानमन्त्री, गृहप्रमुख अथवा मन्त्री नै भए पनि शेखीले चुर भएर तमोगुणैयुक्त भएको भए पातालपुरी अथवा पतन नै हुने थियौं । रजोगुणको शेखी लिनु पदाधिकारीको आफ्नै पतन होइन र ? मलाई यो पदमा यो आर्थिक हैसियतमा अथवा यही विश्वविद्यालयको हर्ताकर्तामा कसले किन पुऱ्यायो थाहा छ ? सुविधा नहुने को त कुरै छुट्टै भयो । यस बखत पूर्वराजा ज्ञानेन्द्रले २०७४ जेठ २९ गते सोमबार पृष्ठ ६ को पाठकपत्र पढ्नैपर्छ । त्यो पत्रमा उनकै छवि चित्रसहित रामशाहका पालादेखिको राजसंस्था हटाउन उनले बाह्य शक्तिकै पछि लाग्नु हुन्थ्यो र ? भन्ने प्रश्न सोधिएको छ । कदापि हुने थिएन । यस्तै समस्त पदाधिकारीले किन विचार गरेनौं ? विदेशी सुविधाका भरमा काला राता धर्कामा प्रचण्ड बाबुरामले केसम्म गरेनन् र ? अहिले सांचिला भएर उनै आमनेसामने विरोध गर्दैछन् । एकजना मौन रुपमा प्राप्त सम्पत्ति देखाउँदैछन् । अर्का चाहिँ त्यस्तो नै कुरो पाइन भनी पद र प्रतिष्ठा माग्दैछन् यो कसले देखेको छैन र ?

कुरा प्रस्टै छ जुन देशमा माथिका कुराको विषद चर्चा हुन्छ र सुविधाभोगी व्यक्तिको चरित्र मूल्यांकन मात्र होइन, न्यायसमेत हुन्छ, त्यो देश उन्नतिशील हुन्छ । खोई हाम्रो ज्ञानको पेटारो बोक्ने नेपाल संस्कृत विश्वविद्यालय बोलेको ? अनि उसैको र उसका समस्त विद्वत वर्गको दुर्गति नभए कस्को हुन्छ त ? २०१६ सालमै महाकवि लक्ष्मीप्रसाद देवकोटाले खोलिदिएको त्रिभुवन विश्वविद्यालय किन आफ्नो हिमवत खण्ड नेपालको वैभवको जिम्मेवारी बोक्दैन ? अब नसोधी नहुने भएको छ, के नेपाल संस्कृत विश्वविद्यालय नरक जाने बाटो मात्रै हो नेपालीका लागि ? किन उसले हिमवत खण्डको वैभवको चिनारी गराउँदैन ? के त्रिभुवन विश्वविद्यालय बेरोजगार कारखाना मात्रै हो ? किन बोल्दैन र दुवै विश्वविद्यालयहरु राजनीतिक दलदलमा विभाजित विद्यार्थीहरुका थर्कीका गोटी मात्र भएर बसेका छन् ? अरु त अरु नै भए किन हाम्रो समग्र सत्ता मोजमस्तीमै फुल्छन् र नेपाल आमाको कुरा सुन्दैनन् ? नेपाल आमाका विरोधीहरुकै मात्र कुरा सुन्नु उसको धर्म हो र ? जवाफ चाहिएको छ । मुखले होइन कामको नै आश्वकता परेको छ अनि मात्र हुन्छ नेपालको उन्नति होइन र ?

## सम्पादकीय

# प्रदूषण नियन्त्रणमा जनप्रतिनिधिको भूमिका

काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले कामको सुरूवात काठमाडौंको धूलो, धूँवा नियन्त्रणबाट गर्ने भन्दै उपमेयर र कर्मचारीहरूसमेतलाई लिएर सडक बढार्न निस्किएका थिए । एक दिन मिडियामा फोटो छापिएपछि अर्को पल्टको अभियानबारे चर्चा बाहिर आएको छैन । नगर सफा गर्न माथिल्लो तहबाट नै कुचो समातेर अभियान थाल्नु राम्रो कुरा हो । तर अभियान निरन्तर रूपमा चलिरहनुपर्छ । पूर्व मुख्यसचिव लीलामणि पौडेलले वाग्मती सफाइ अभियानको नेतृत्व लिएर प्रत्येक हप्ता शनिबार सयौं अभियन्तासहित नदी सफा गर्न सहभागी हुन्थे । उनको अभियान र लगावप्रति सबैको साथ सहयोग रह्यो भने मुख्यसचिवबाट रिटायर भएपछि पनि त्यो कर्मलाई निरन्तरता दिए । चीनका लागि राजदूत भएर बेइजिङ पुगेपछि पनि छोटो बिदामा फर्किंदा राजदूत पौडेल वाग्मती सफाइमा पुग्न भ्याए । काठमाडौंका नवनिर्वाचित मेयरले साँच्चीकै महानगरलाई सफा राख्न खोजेका हुन् भने प्रत्येक हप्ता बिदाको दिन कुचो बोकेर सडकमा निस्कनुपर्छ । अनि विभिन्न संघसंस्था र स्वतन्त्र समाजसेवीहरूलाई सडकमा कुचो बोकेर निस्कन आह्वान गर्नुपर्छ । यसरी अभियानलाई निरन्तरता दिएको खण्डमा महानगर सफाइ अभियानले पनि वाग्मती सफाइ अभियानले झैं निरन्तरता पाउनेछ । होइन भने एक दिन कुचो बोकेर सांकेतिक अभियान गर्नुको खासै औचित्य देखिँदैन ।

कचौरा आकारको काठमाडौं उपत्यकाका विभिन्न खाले प्रदूषणले गर्दा दिनदिनै अस्वास्थ्यकर बन्दै गइरहेको छ । मुख्य रूपमा काठमाडौंको समस्या धूलो, धूवाँ नै हो । सवारी साधनले फाल्ने धूवाँ र कलकारखाना, इँटाभट्टाहरूले फाल्ने धूवाँले पनि प्रदूषण बढाएको छ । भूकम्पले भत्किएका घरको धूलो, बाटो विस्तारका क्रममा निस्कने धूलो, जथाभावी बाटो खन्दा भएका खाल्डाखुल्डी र धूलोले गर्दा जनस्वास्थ्यमा नराम्रो असर पुगिरहेको छ । अब वर्षायाम सुरू भएपछि धूलोमा केही कमी आए पनि हिलोको समस्याले जनतालाई नराम्रोसँग सताउने गर्छ । महानगर, उपमहानगरदेखि थुप्रै नगरपालिका भएको काठमाडौं उपत्यकाका नगरपिताहरूका काँधमा गहन जिम्मेवारी आएको छ । विश्वकै पर्यटक, राजनीतिक र कूटनीतिक तहका पाहुनाको पहिलो पाइला पर्ने काठमाडौं उपत्यका स्वच्छ, सफा बनाउने अभियानको नेतृत्व नगरपिताहरूले प्रतिबद्धतापूर्वक लिने हो भने जनताले अवश्य साथ दिनेछन् ।

प्रदूषण नियन्त्रण र सरसफाइ अभियानको लागि पैसाको अभाव पक्कै पनि छैन । सरकारले प्रदूषण नियन्त्रणका नाममा बीस वर्ष अगाडिदेखि नै पेट्रोलियममा पैसा उठाउँदै आएको छ । प्रतिलिटर ५० पैसाका दरले उठाएको यस्तो रकम अहिले चार अर्बभन्दा बढी भइसकेको छ । यत्रो ठूलो परिमाणको रकम जम्मा भइसक्दा पनि त्यो रकम प्रदूषण नियन्त्रण कार्यमा खर्च गरिएको छैन । देशभर चल्ने सवारी साधनले बुझाउने यस्तो रकम अर्थमन्त्रालयको कोषमा जम्मा हुने गरेको छ । उक्त रकमबाट प्रदूषण नियन्त्रणका लागि काम गर्ने दिशामा अर्थमन्त्रालय र वातावरण मन्त्रालयबीच गम्भीर छलफल गरी टुंगोमा पुग्न आवश्यक छ । सबैभन्दा बढी सवारी साधन चल्ने काठमाडौं उपत्यकाको प्रदूषण नियन्त्रण गर्न त्यसै अनुरूपको रकम र अन्य महानगर, उपमहानगर र नगरपालिकाहरूलाई पनि सवारी चाप र आवश्यकता अनुसार प्रदूषण कर वापतको रकम वितरण गर्नुपर्छ । जनतासँग जुन प्रयोजनको पैसा उठाइन्छ, त्यसैमा खर्च गर्ने व्यवस्था गर्न आवश्यक छ ।

काठमाडौं उपत्यकामा सवारी साधनले हर्न बजाउन नपाउने नियम ट्राफिक प्रहरीले लगाएकोमा त्यसको कार्यान्वयन पनि राम्ररी नै भएको छ । सवारी साधनले अनावश्यक रुपमा बजाउने हर्नले भएको ध्वनि प्रदूषणमा निकै कमी आएको छ । अब धूलो धूवाँ नियन्त्रण गरी वायु प्रदूषण कम गर्ने दिशामा जिम्मेवारीपूर्ण ढंगले काम गर्न आवश्यक छ । स्थानीय तहहरुलाई संवैधानिक र कानुनी रुपले अधिकार सम्पन्न बनाएकाले जनप्रतिनिधिहरुमार्फत सरसफाइ अभियानलाई प्राथमिकताका साथ अगाडि बढाइनुपर्छ । प्रदूषण नियन्त्रणको राम्रो योजना बनाएर सरकारसमक्ष पेस गरेको खण्डमा रकम निकासा गर्न सरकार बाध्य हुनेछ । जनप्रतिनिधिको अभावमा काम हुन नसकेको भन्दै पन्साउने र पन्सिने अवस्थाको अन्त्य भएकाले प्रदूषण नियन्त्रणतर्फ नतिजामूलक काम गर्न आवश्यक छ ।

## अबको क्रान्ति : पर्यावरणीय

**सुदर्शन प्रधान**

# 'गैंडालाई चार वर्ष' बारे केही कुरा

धरतीका बफादार पुत्र कमलजङ कुँवरले चितवन राष्ट्रिय निकुञ्जमा सहायक वार्डेन छँदा पृथ्वीकै दुर्लभ र नेपालको सानरूपी एकसिङे गैंडाको संरक्षणमा आफ्नो चार वर्षको अमूल्य समय व्यतीत गरेका छन् । भरौटे गैंडा तस्करहरूलाई गिरफ्तार गर्न जङ्गल, भिर, ओडार, नदी केही नभनी रातदिन अहोरात्र जीवन अर्पेर उनी लागिपर्छन् ।

अरौटे गैंडा तस्करहरूलाई हतकडी लगाउन उनी काठमाडौंको ठमेल, बौद्ध र स्वयम्भूसम्म पुग्छन् । सरकारी तलबी कर्मचारीहरू यसरी आफ्नो कर्तव्यपालना गर्न जिउज्यान छोडेर प्रकृतिको सुरक्षामा लाग्ने योद्धाहरू विरलै होलान् कमलजङ कुँवर त्यो अग्रिम मोर्चाको योद्धा हो, जुन योद्धाप्रति सम्पूर्ण नेपाली जनता ऋणी छन् ।

प्रायः गैंडा जङ्गलमा बस्छन् । गैंडाको सिकारमा संलग्नहरू पनि प्रायः गरिब र दरिद्र चेपाङ, तामाङ जातिका देखिन्छन्, जो केही रूपियाँका लागि ज्यान माया मारेर हिंडेका छन् । जब उनीहरू फन्दामा पर्छन्, तब भेद खोल्छन् र सहरबजारका धनी मानिसहरूले काम लगाएको भनेर ओकल्छन् । त्यसपछि ती धनी मानिस र सिकारीहरूलाई जोगाउन बचाउन राजनीतिक पार्टीका नेताहरू, सेना र प्रहरीका उच्च कमान्डरहरू, वकिल र न्यायाधीशहरू, कथित मानवअधिकार कर्मीहरू, समाजका बुद्धिजीवीहरू पनि लागिपर्छन् ।

वास्तवमा धनका लागि बाँचेका यी सबै धरतीका दुस्मन हुन् । तिनलाई कुँवरले प्रभावशाली शब्दझापड हानेका छन् । एउटा तस्कर जेलमा कालगतीले मर्दा कुँवरलाई षड्यन्त्र गरी ज्यान मुद्दामा फसाउन दुत्साहस पनि गरे तर उनको निर्भीकता, पर्यटन व्यवसायीहरूको सहयोग र प्रकृति प्रेमीहरूको समर्थनले बचें ।

कुनै पनि नयाँ इतिहासको रचना सजिलो हुँदैन, असीमित श्रम, शक्ति र बलिदानको खाँचो पर्छ । यसका लागि सङ्गठित शक्ति र व्यापक जनतामा



जनचेतना प्रवाह गर्ने र सङ्घर्षशील तुल्याउने केन्द्र हुनुपर्छ । आज देशभरि स्वतन्त्र वन्यजन्तु र पक्षीहरूको अस्तित्व नामेट हुँदै छ । कस्तूरी, हिउँ चितुवा, रातो पान्डा, चितुवा, भालु, हरिण, मृग, घोरल, डाँफे, मुनालजस्ता सयौं प्रकारका जीवजन्तु र चराचुरूङ्गीको सिकार भइरहेको छ । यसो हुनु भनेको हिमाल, नदी, ताल, खोलाजस्ता सबै पानीका मुहानहरू कालान्तरमा सुक्नु हो र वनजङ्गल पनि विनाश हुनु हो । यसले भावी सन्ततिको अस्तित्व नामेट पार्नेछ । तसर्थ यस्तो जघन्य अपराधमा प्रत्यक्ष/परोक्ष संलग्न मान्छेहरूलाई कस्तो सजाय दिनुपर्ला ? स्पष्ट छ, कडाभन्दा कडा दण्ड सजाय, विशेष अवस्थामा त मृत्युदण्ड हुनुपर्छ । प्रकृति संरक्षणसम्बन्धी क्षेत्रमा जागिर खाई तलब, भत्ता, पेन्सन लिने तर तस्करहरूसँग मिलेमतो गरी आर्थिक, भौतिक लाभ लिने कुनै पनि स्तरका राजनीतिज्ञ र कर्मचारीहरूलाई कडा दण्डसजाय हुनुपर्छ । साथसाथै तस्करहरूलाई पनि ।

कमलजङको 'गैंडालाई चार वर्ष' नेपालको प्रकृति संरक्षणको इतिहासमा एउटा यस्तो पुस्तक हो, जुन युगयुगसम्म बाँचिरहनेछ । जुन पुस्तकले चितवन, नवलपरासी, पर्सा जिल्लाका विगत र वर्तमान तस्कर हरूका गाउँबस्तीहरूलाई हल्लाइदिएको छ र १२५ वटा गैंडाको खाग बेच्ने कोक्चेजस्ता लुकी बस्ने तिब्बती शरणार्थी स्थलहरूलाई अनि बौद्ध, स्वयम्भू र ठमेलभित्रका अँध्यारा कोठाहरूमा लुकी बस्ने गैंडा दानवहरूलाई पनि । अब खाँचो छ नेपालको हिमाल, पहाड र तराईको जङ्गल, भिरपखेराहरूमा रमाई यो महान् प्रकृतिको सुरक्षा गर्ने, स्वतन्त्र जीवजन्तु र आकाशमा उड्ने चराहरूको संरक्षण गर्ने हजार र लाख कमलजङहरू । सबै प्रकारका प्रकृतिद्रोहीहरूलाई कठघरामा उभ्याएर पङ्क्तिबद्ध कदम चाल्ने शक्ति मैदानमा आउनुपर्छ ।

गैंडाको खाग, कस्तूरीको बिना, बाघको छाला र नङ्ग्रा, सिंहको पन्जा र दाह्राका लागि धनाढ्य मुलुकका धरती भक्षकहरू सानसौकतका लागि ती वस्तुहरू आफ्ना कोठामा सजाउने गर्छन् । वास्तवमा ती सान हैनन्, बरू राक्षसी प्रवृत्ति हुन्, जुन प्रवृत्तिले यो ग्रहकै सन्तुलन विघटन गराउँछ र भावी मानवपुस्ता पृथ्वीबाट लोप हुन सक्छ । तसर्थ विकसित मुलुकका पर्यावरणवादीहरू पनि सङ्गठित र सचेत बनी त्यस्ता धरतीभक्षकहरूलाई कुनै पनि मूल्य चुकाएर नियन्त्रण गर्ने नीति अपनाउनुपर्छ ।


प्रकृति रक्षक कमलजङ कुँवर चितवन राष्ट्रिय निकुञ्जको वार्डेनमा कुरा सुनेको छु । यसले के कुरा प्रमाणित गर्छ भने नेपाल सरकारका केही निकायमा प्रकृतिप्रेमीहरू जन्मन र सबल बन्न थालेछन् । यो सकारात्मक कुरा हो । अब गैंडाको रक्षा मात्र होइन; हिमाल, पहाड र तराईका सम्पूर्ण स्वतन्त्र जीवजन्तु र पक्षीहरूको संरक्षण गर्न नेपालको धरती र प्रकृतिहरूप्रेमी एकजुट हुनुपर्छ । त्यति मात्र होइन, ध्रुवीय क्षेत्रका ह्वेल, सार्क, भालु र अफ्रिकाका सिंह, गैंडा, हात्ती, चितुवादेखि अमेजन, नाइल, यार्लुङ जाङ्बो (ब्रह्मपुत्र), मिसिसिपी, आमु, सप्तगण्डकी, सप्तकोसी सेरोफेरोलगायत पृथ्वीभरिकै स्वतन्त्र जलचर, स्थलचर र उभयचरको सुरक्षामा धरतीयोद्धाहरू सचेत, सङ्गठित र सङ्घर्षशील बनी उठ्नुपर्छ ।

# मैले देखेको पहिलो विश्व सम्पदा :
# नेपालको पशुपतिनाथ मन्दिर

सुरेन्द्र ढकाल


पशुपतिनाथको मुख्य मन्दिर


मन्दिरको दक्षिणमा रहेको लास जलाउने स्थल (आर्यघाट)



पशुपतिनाथको मन्दिर परिसर


२०७२ को भूकम्पले पुऱ्याएको क्षति


पशुपतिनाथको पश्चिम किनारामा रहेको वाग्मती नदी


मुख्य मन्दिरको पश्चिममा रहेको १५ शिवालय


पशुपतिनाथको मुख्य द्वारमा मोनिका र सुमोना ढकाल


पशुपतिनाथमा मोनिका र सुरेन्द्र ढकाल

प्राचीन, मध्यकालिन र आधुनिक विश्व आश्चर्यसँगको मेरो साक्षात्कारपछि अब म विश्व सम्पदासँगको मेरो साक्षात्कारबारे क्रमश: लेख्दै जाने क्रम सुरु गरेको छु । त्यसमा सबैभन्दा पहिले मैले देखेको विश्व सम्पदा भनेको काठमाडौं गौशालामा रहेको पशुपतिनाथ मन्दिर नै हो । विश्वका एक अरबभन्दा बढी हिन्दुहरुको धार्मिक केन्द्र रहेको गौशालास्थित पशुपतिनाथ मन्दिरको दक्षिणतर्फ अवस्थित बत्तीसपुतलीमा मेरो जन्म २०१४ कात्तिकमा भएको मेरो टिपनले बताउँछ । म जन्मेको केही दिनपश्चात् नै हामी बत्तीसपुतली छाडी बानेश्वरमा घर किनी बस्न आएका हौं । तसर्थ म सचेत भएपछिको मैले देखेको पहिलो विश्व सम्पदा भनेको पशुपतिनाथ नै हो । मैले ५ वर्षको उमेरमा याने २०१९ सालतिर पशुपति मन्दिर जान सुरु गरेको हुनुपर्दछ । दशैंको नौरथामा नौ दिन, शिवरात्रिमा दुई तीन दिन, अनि पछि युवक भएपछि हरेक शनिबार, अनि बिहान दौडने क्रममा पनि म पशुपति गुहेश्वरी मन्दिर जाने गरेको मलाई याद छ । पछि २०४१ सालमा विदेश गई २०४७ सालमा फर्केपछि भने मेरा विदेशी साथीहरुलाई घुमाउन म प्रायः पशुपति जाने गर्दथे । मेरो विवाह जर्मन मूलकी विदेशी महिला मोनिका होफमानसँग भएको हुँदा हाम्रै कारण पनि धेरै जर्मन अनि इटालियनहरु नेपाल आउँथे अनि म तिनीहरुलाई घुमाउन लैजान्थे । अनि पहिलो गन्तब्य चाहिँ घर नजिक भएको हुँदा सधैं पशुपतिनाथ मन्दिर नै पर्दथ्यो ।

**पशुपतिनाथ मन्दिर**

पशुपतिनाथको उत्पति ईसापूर्व ४०० तिर भएको मानिएको छ । नेपालको राजधानी काठमाडौंको ५ किलोमिटर उत्तरपूर्व वाग्मतीको किनारमा अवस्थित यो हिन्दु मन्दिर विश्व प्रख्यात छ । अनि हरेक हिन्दुले आफ्नो जीवनकालमा एक पटक आउनैपर्ने धार्मिक गन्तब्य मानिन्छ । सन् १९७९ देखि यो यूनेस्कोको विश्व सम्पदा सूचीमा पनि परेको छ । भगवान शिवको जन्मदिन शिवरात्रिको अवसरमा विश्वभरिका आठ लाख भक्तजनहरु पशुपतिनाथको दर्शन गर्न आउने गर्छन् । भारतमा भएका १२ वटा ज्योतिर्लिंगलाई शरीर र नेपालमा रहेको पशुपति ज्योर्तिलिङलाई शीर मानिने हुँदा पनि यस मन्दिरको विश्वब्यापी महत्व छ । पशुपतिको उत्पत्ति इसापूर्व ४०० तिर भए तापनि हालको पशुपतिनाथको मन्दिर भने पाँचौं शताब्दितिर लिच्छवी राजा सुपुष्पले बनाउन लगाएको कुरा गोपाल वंशावलीमा उल्लेख छ । पछि समय समयमा यस मन्दिरको वरिपरि वैष्णव मन्दिर, राम मन्दिर र एघारौं शताब्दितिर गएर गुहेश्वरीको मन्दिर बनेको बताइन्छ ।

भनिन्छ कि एउटा कामधेनु गाई सधैं पशुपति लिङ भएको ठाउँमा आइपुग्नासाथ त्यस गाईको थुनबाट दूध झरेको देखी त्यस ठाउँमा के छ होला भनेर खोस्रेर हेर्दा पशुपतिको हालको लिङ फेलापरेको कुरा किंवदन्तिमा उल्लेख छ । सुपुष्पले निर्माण गरेको पशुपतिको मन्दिर पाँच तले थियो तर पछि एघारौं शताब्दिमा लिच्छवी राजा शिवदेवले यसको पुनर्निर्माण गराएपश्चात् यसको रुप फेरिएको बताइन्छ । स्वस्थानी व्रतकथामा आफ्नी हराएकी पत्नी पार्वतीलाई खोज्न आउने क्रममा शिव यस क्षेत्रमा आएका र यस स्थान उनलाई निकै मनपरेको कारण उनी स्थायी रुपमा यही रहेका हुन् भन्ने जनविश्वाश रहेको छ । पशुपतिनाथ क्षेत्र २६४ हेक्टरमा फैलिएको छ भने त्यस क्षेत्रमा मुख्य मन्दिरबाहेक अरु ससाना ५१८ वटा मन्दिर रहेका छन् । जसमध्ये वाशुकी मन्दिर, उन्मत्त भैरव मन्दिर, सूर्यनारायण मन्दिर, कीर्तिमुख भैरव, बूढानीलकण्ठ र हनुमानको मूर्ति रहेको छ । मुख्य मन्दिरको बाहिरी क्षेत्रमा राम मन्दिर, विश्वरुप मन्दिर १२ ज्योर्तिलिङ, १५ शिवालय र गुहेस्वरीको मन्दिर रहेको छ ।


पशुपतिनाथको मुख्य मन्दिर पेगोडा शैलीमा बनेको छ । झ्याल र टुँडालहरु काष्ठकलाले सजिएको छ । दुई तले तामाको छानामा सुनको जलप लेपन गरिएको छ र यस मन्दिरको उचाई करिब २४ मिटर रहेको छ । चारतिरका ढोकाहरु चाँदीले बनाइएका छन् र मन्दिरको गजुर सुनले बनेको छ । चारै ढोकाको भित्रको बीच भागमा पाँचमुख भएको मुख्य शिवलिंग रहेको छ । जसलाई चाँदीको नागले घेरेको छ । यही शिवलिंगलाई मूल पुरोहितले नियमति रुपमा दूध र जलले नुहाइदिने कार्य गर्दछन् । पशुपतिनाथको विशेषता भनेको पशुपतिको मुख्य लिंगलाई पुरोहितबाहेक अन्यले छुन पाउँदैनन् । नियमित पूजा भण्डारी र भट्ट गरी दुई पुरोहितबाट गरिन्छ । मुख्य पूजा भट्टले गर्छन् भने त्यस कार्यमा सघाउने भण्डारी हुन्छन् । २०६७६८ सालतिर आएर भारतीय मूलका भट्टलाई राख्ने कि नराख्ने भन्ने विवाद परेको थियो । यो विवाद सर्वोच्च अदालतसम्म पुग्यो र भट्टहरु नै मूल पुरोहित कायम भए ।

पश्चिम ढोकालाई मन्दिरको मुख्य द्वार मानिन्छ । हिन्दु र बौद्धमार्गीहरुलाई मात्रै मन्दिरमा प्रवेश दिइन्छ । अरु धर्म मान्नेहरु पश्चिम ढोकासम्म गई भित्र अवलोकन गर्न सक्छन् भने पश्चिमतर्फको उँचो भागबाट पशुपतिको अवलोकन गर्न सक्छन् । मन्दिर प्रवेश बिहान चारदेखि बेलुका सात बजेसम्म खुला रहन्छ । २०७२ सालको महाभूकम्पले पशुपति क्षेत्रलाई त्यति ठूलो क्षति पुऱ्याएन । केही शिवालयहरु भने भत्किए । पशुपतिको दोस्रो तलामा विशाल ढुकुटी रहेको मानिन्छ । देशमा महामारी र विपत्ति आएको बेलामा मात्र त्यो ढिकुटी खोल्न सकिने भए तापनि कहिले र कस्ले सो ढुकुटी खोले भन्ने यथार्थ स्पष्ट छैन । मध्यकालीन राजाहरुले विपत्ति परेको बखत पशुपतिनाथको ढिकुटीबाट धन निकाली विपत्तिको सामना गरेको कुरा इतिहासको पानामा पढ्न पाइन्छ । धार्मिक रुपबाट पशुपतिको जति महत्व छ त्यति नै महत्व काष्ठकला, प्रस्तर कला, धातुकलाको एक अनौठो उदाहरणस्वरुप यो मन्दिर रहेको कारण नै यो विश्वसम्पदा सूचीमा पर्न गएको हो ।

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ वसन्तप्रताप सिंह

# सात वर्षमा दुलही, १२ वर्षमा आमा

बझाङ । कोटभैरव गाविसकी सुर्मा बादी भर्खर सात वर्षकी भइन् । अघिल्लो वर्ष नै सुर्माको सोही गाउँका राजु बादीसँग मगनी भइसकेको छ । १५ वर्षका राजुको परिवार विवाह खर्च जुटाउन लागिपरेको छ । राजुले भने, 'विवाह खर्च जुटाइसकेका छैनौं । खर्चको जोहो भए यही दसैंमा, नभए मङ्सिरमा बिहे हुन्छ होला ।'

सरकारले महिलाको बिहे गर्न उपयुक्त उमेर २० वर्षलाई मानेको छ । यौन, प्रजनन र स्वास्थ्यका हिसाबले 'बिहेवारी २० वर्षपारि' भन्ने नारा नै तय गरिएको दुई दशक पुग्न लागिसक्यो । तर, बझाङका बादी समुदायलाई न सरकारको नियम-कानुन थाहा छ । न त उपयुक्त बिहे गर्ने उमेरबारे नै जानकारी छ । यहाँ शताब्दीयौं पुरानो समाजको झल्को दिने गरी कलिला काखेनानीहरूलाई दुलाहा-दुलही बनाइन्छ ।

भाँडाकुटी खेल्दै गरेको अवस्थामा भेटिएकी सुर्मालाई भने आफ्नो विवाह हुने कुरा थाहै रहेनछ । दसैंमा विवाह हुने र अघिल्लो वर्ष बोका काटेर उनको मगनी भएको कुरा छिमेकी संगीता बादीले सम्झाएपछि भने उनी तर्सिइन् । 'नाइँ म त बिहे गर्ने होइन,' उनले सवितासँग बालसुलभ परामा कुरा गरिन्, 'बिहे गर्दिनखोजे भने म त भागेर फुपूको घर जाने हो ।'

बझाङको जयपृथ्वी नगरपालिकामा रहेका ४१ परिवार बादीमा सुर्माकै उमेरका धेरैको विवाह भइसकेको छ भने कतिपयको चाहिँ मगनी भइसकेको छ । आठजना बालिकाको यसै वर्ष विवाहको तयारी गरिएको बादी समुदायकी अगुवा सबिता बताउँछिन् । 'धेरैजसोको त ३-४ वर्षको उमेरमै मगनी भइसक्छ,' उनले थपिन्, 'मगनी भएपछि ७-८ वर्षकै उमेरमा विवाह गराइदिन्छन् । जति रोइकराइ गरे पनि कसैले सुन्दैनन् । यहाँको चलन नै यस्तै छ ।'

उनकै समुदायमा अरू ५-६ जना बालिकाको पनि गत वर्ष नै मगनी भइसकेको छ । खर्च जुटेपछि ती बालिकाको चाँडै बिहे गरिदिने तयारीमा छन् उनका अभिभावक । परम्परादेखि चलिआएकाले यो संस्कारलाई आफूहरूले



पनि निरन्तरता दिएको बादीहरू बताउँछन् । 'बाजे-बराजुका पालादेखि यस्तै चलेको हो । सरकारको नियम-कानुनबारे हामीलाई के थाहा ?' थलाराका अमर बादीले भने, 'हामीले पनि चलन कसरी छोड्न सक्छौं र ?'

आर्थिक हिसाबले अति विपन्नभित्र पर्ने यो समुदायका बालबालिका विद्यालय नै जाँदैनन् । विद्यालय जान चाहनेहरूको पनि कलिलै उमेरमा विवाह गरिदिएपछि पढाइ छुट्छ । सानै उमेरमा विवाह गर्ने र बच्चा जन्माउने हुँदा कतिपयको प्रजनन स्वास्थ्यमा समेत समस्या देखिने गरेको स्थानीय कस्तुरी बादीले बताइन् । उनी भन्छिन्, '६-७ वर्षको उमेरमा बिहे गरेका बालिका १२-१३ वर्षको उमेरदेखि नै बच्चा जन्माउन थाल्छन् । वर्षैपिच्छे बच्चा जन्माएपछि तिनको शरीर कस्तो होला ?' कलिलै उमेरमा विवाह हुनाले अधिकांश बादी महिलाको पाठेघर खस्ने, पिसाब चुहिने, हातखुट्टा सुन्निनेजस्ता समस्या भएको उनी बताउँछिन् ।

त्यसो त बादी समुदायमा परिवार नियोजनसम्बन्धी कुनै ज्ञान पनि छैन । त्यसैले उनीहरू कुनै योजना नगरी सन्तान जन्माउँछन् । तीमध्येकै एक हुन्- काली बादी । उनी २० वर्षको उमेरमा ४ वटा सन्तानकी आमा बनिसकेकी छिन् । काली थप्छिन्, 'लोग्नेलाई बच्चा भए पुगिहाल्छ । जन्माउन, हुर्काउन कति दुःख हुन्छ भन्ने कसैले सोच्दैनन् । सानैमा बिहे हुन्छ । बच्चा पेटमा बसिहाल्छ, नपाई सुखै छैन ।'

माटोका भाँडा बनाएर र नाचगान गरेर जीविकोपार्जन गर्ने यस समुदायको परम्परागत पेसा लोप भएपछि बादीहरू मागेर खान बाध्य छन् । उचित खानपान, सरसफाइ र स्वास्थ्यसम्बन्धी सुविधाको अभाव रहेको यस समुदायका महिलाको आयु अन्य समुदायका महिलाको भन्दा निकै कम छ । २८ परिवारका करिब दुई सय ७० जनाको बसोबास रहेको थलारामा ६० वर्षमाथिका महिलाको सङ्ख्या एक मात्र छ भने ५० वर्षभन्दा माथिका महिला दुईजना मात्र रहेका छन् ।

बादी समुदायका मानिसको औसत आयुबारे आधिकारिक तथ्याङ्क उपलब्ध नभए पनि यहाँका अधिकांश मानिसको ४० देखि ४५ वर्षको उमेरमा नै मृत्यु हुने बादी अगुवा मदन बादी बताउँछन् । उनी भन्छन्, '५० वर्षभन्दा माथि बाँच्नेहरू एकदमै कम छन् । धेरैजसो ४०-४५ कै बीचमा बितेका छन् ।' यस समुदायमा संस्कृतिकै रूपमा रहेको मदिराको कुलत पनि छिटो मृत्युको कारण हो भने अर्को मुख्य कारण बालविवाह नै हो । मदनले थपे, 'मगनी हुँदा खसी, कुखुरा काट्ने, रक्सी खाने चलन छ । त्यसैको लोभले पनि केही आमाबाबुले २-३ वर्षकै उमेरमा छोरीको मगनी स्वीकार गर्ने गर्छन् । केटा पक्षले पैसा जम्मा भएपछि लिन आइहाल्छन् । कतिपय त चार-पाँच वर्षमै लिएर जान्छन् ।'

बादी समुदायको यो चलन रोक्न विभिन्न प्रयास भने नभएको होइन । कोटभैरव गाविसको बादीबस्तीबाट १० मिनेटको दूरीमा इलाकास्तरको प्रहरीचौकी छ । पाँच-छ वर्षको उमेरमै दूधेबालिकाको बिहे भइरहँदा प्रहरी मूकदर्शक भएर बस्छन् । थलारा प्रहरीचौकीका प्रहरी नायब निरीक्षक नारायण चन्द आफूहरूले धेरै प्रयास गरे पनि बादी समुदायमा प्रचलित यो परम्परा रोक्न नसकेको स्वीकार गर्छन् । 'दुवै पक्षको कुरा मिलिसकेको हुन्छ । हाम्रो परम्परा बिथोल्न आउने भनेर उल्टै हकार्छन्,' उनले भने, 'यो त बालविवाह हो, कानुनले यसो गर्न मिल्दैन भनेर रोक्न जाँदा प्रहरीमाथि नै आक्रमणसमेत भयो ।'

कोटभैरवलाई बालविवाहमुक्त गाविस घोषणा गर्ने लक्ष्य रहेको भए पनि बादी समुदायमा हुने यस्तो प्रचलनले गर्न नसकिएको कोटभैरव स्वास्थ्य चौकीका जनस्वास्थ्य निरीक्षक धनबहादुर भट्टले बताए ।

*(सञ्चारिका फिचर सेवा)*

कविता

## हाम्रा नेता कति तगडा



● प्रेम ओली (ढकलपुरे)

यो पार्टीभित्र पनि झगडा
त्यो पार्टीमा पनि लफडा
पार्टी पार्टीबीच पनि झगडा
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति  तगडा !

उहिलैदेखि
प्रजातन्त्रका लागि पञ्चहरुसँग झगडा
गनतन्त्रको लागि राजासँग झगडा
लोकतन्त्र आएपछि
संविधान बनाउँदा झगडा
सधैं झगडैझगडा
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति  तगडा !

संविधान आएपछि फेरि
मधेसी दलसँग झगडा
चुनाव आएपछि झन्
गुट उपगुटमा झगडा
मेरो मान्छेलाई टिकट दे, भन्नेमा झगडा
नयाँ सरकर बन्दा
मन्त्री बाँडफाँडमा अर्को लफडा
कहिल्यै नसकिने यो कस्तो झगडा !
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति  तगडा !

कहिले म खान्छु, म खान्छु भनी
खानेमा झगडा
कहिले म जान्छु विदेश भनी
जानेमा झगडा
अब त सकियो भनेको बेला
नयाँ नयाँ कुरामा फेरि लफडा
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति तगडा !

आफ्नो सुविधा बढाउन परे, छैन झगडा
आफ्नो तलब बढाउन पाए, हुन्न झगडा
जनताका लागि
बजेट ल्याउँदा झगडा
विकास कुरा गरे लफडा
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति  तगडा !

कसैलाई नियुक्ति दिंदा पनि झगडा
कसैलाई दूत बनाउँदा पनि झगडा
न्यायाधीस बनाउँदा पनि झगडा
आयुक्त बनाउँदा पनि  झगडा
बाउआमाले पनि झगडा गर्दै जन्माका हुन् कि
झगडा गर्दै हुर्काका हुन्
के यस्तै गर्नु भनी यिनलाई
बच्चैदेखि फुर्काका हुन्
देश विकास थाँती राखी सधैं लफडा
कहिलेसम्म सकिएला यिनको झगडा
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति  तगडा !

# बृहत्तर विद्यालय सुरक्षा ढाँचाको खाँचो

## 'अब बन्ने विद्यालयका संरचनालाई हिजोको प्राकृतिक विपद्बाट पाठ सिकेर सुरक्षित बनाउने विशेष अभियानमा छौं'

**गमला लामा / बिदूर**

बालबालिकाहरूले बिद्यालय क्षेत्रमा पूर्णतः सुरक्षित महशुस हुने वातावरणका लागि सरोकारवालाहरूको ध्यानाकर्षण गराएका छन् । बालबालिकाहरूले आफ्नो दैनिकीको ठूलो हिस्सा बिताउने भएकाले पनि बिद्यालयका भौतिक संरचना सुरक्षित र बालमैत्री हुनुपर्ने धारणा राखेका छन् ।

नुवाकोट जिल्लाको बिदूर नगरपालिकामा मंसीरको अन्तिम साता सम्पन्न बाल भेलाका क्रममा यस्तो धारणा राखेका हुन् । बिदुर नगरस्तरीय बाल सञ्जालकी अध्यक्ष सोना बम्जनले भनिन्- 'गत बर्षको महाभूकम्प जस्तो प्राकृतिक प्रकोपलाई थेग्ने योजना तथा कार्यक्रम हुनु पर्दछ ।'

२०७२ वैशाख १२ मा गएको ७.६ रेक्टर स्केलको भूकम्प र त्यसपछिको पराकम्पनले नुवकोट जिल्ला लगायत जिल्लाको जीवन नराम्ररी प्रभावित पारेको थियो । भूकम्पबाट करिब २३०० भन्दा बढि बालबालिकाले ज्यान गुमाएका थिए । भुकम्पमा ८८९० जनाको मृत्यु भएको र त्यस भूकम्पबाट करिब ८,७५,००० घर ध्वस्त भएका थिए । यसरी ध्वस्त भएका भवनमा विद्यालयहरू पनि पर्दछन् । नुवाकोट जिल्लामा अधिकांश विद्यालयहरू ध्वस्त भएका छन् ।

विद्यालयका संरचनाहरू सुरक्षित हुनुपर्छ भन्ने कुरा हामीले बुझेका छौं । बिदूर नगरपालिकाका कार्यकारी अधिकृत नारायणबहादुर बिष्टले भने अब बन्ने विद्यालयका संरचनालाई हिजोको प्राकृतिक विपद्बाट पाठ सिकेर सुरक्षित बनाउने विशेष अभियानमा छौ । तथापि उनले भौतिक संरचनासंगै शैक्षिक वातावरण पनि सुरक्षित बनाउन आफ्नो प्रयास जारी रहेको बताए ।

बालबालिकाको अधिकारमा क्रियाशिल शर्मिला उप्रेती भने विपद् जोखिम न्युनिकरण गर्दा भूकम्पको मात्र कुरा गर्न नहुने धारणा राख्छन् । नेपालमा बालबालिकाहरू विभिन्न प्रकृतिका विपद्हरूबाट अत्यन्तै जोखिममा छन् । गृह मन्त्रालयको प्रतिवेदनअनुसार भूकम्प, बाढी पहिरो, हिम पहिरो लगायतका प्रकोपबाट हरेक बर्ष करिब ९०० मानिसले जीवन गुमाउनु परेको छ । यसैमा उनले थपे- 'बालबालिकालाई प्राकृतिक प्रकोपको जोखिमबाट मुक्त गर्न सरकार, गैरसरकारी संस्था तथा नागरिक समाजको साझा सहयोगको आवश्यकता पर्दछ ।'

पृथ्वी माध्यमिक विद्यालयका प्रध्यानाध्यापक बाबुराम लामिछानेकाअनुसार बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण गर्न बृहत्तर विद्यालय सुरक्षा ढाँचाका कार्यान्वयन गर्ने तयारी भइरहेको छ । यो योजनामा विद्यालयलाई विपद् जोखिमबाट सुरक्षित राख्न भौतिक संरचनामा मात्र हैन, विद्यालय विपद् योजना र विपद्सम्बन्धी सिकाइ, तालिम आदि कार्यक्रमगत पक्षमा पनि बराबरी पहलकदमीको सुनिश्चिततामा जोड दिएको हुन्छ ।

विगतमा विपद्ले समग्र शिक्षा व्यवस्थामा नै असर पुगेको विदुर नगरपालिका निबासी बालअधिकार अभियन्ता गीता बस्नेत बताउँछन् । विपद् लगत्तै शिक्षाको पहुँच स्थापित गर्न नसक्दा धेरै बालबालिकाहरू प्रौढको भुमिका र जिम्मेवारी सम्हाल्न विवश भएको उहाहरण दिँदै उनले भने- 'केही बालबालिकाहरू त विद्यालय नै फर्किएनन् । बिद्यालय पर्किएकाहरूले पनि पढनेलेख्ने, सिक्ने वा गणितिय सिप, जिज्ञासु क्षमता नै गुमाउन पुगेका छन् ।' केही स्थानमा त बिपद्का कारण बाल श्रमिक बन्नु परेको, बेचबिखन, विभिन्न प्रकृतिका शोषण, कालोबजारी तथा लागूऔषध जस्ता कुलतमा फस्ने खतरा रहेको पनि उनी औल्याउँछन् । यही समस्याको पृष्ठभूमिमा बालबालिकाहरूले विद्यालयमा आधारित विपद् जोखिम न्युनिकरण र समुदायमा आधारित विपद् जोखिम न्युनिकरण योजनालाई एकीकृत गर्दै लैजाने माग गरेका हुन् ।

गतबर्षको भुकम्पले विपद्को समयमा शिक्षा क्षेत्रमा हुने समस्या र अप्ठ्याराहरूलाई ख्याल गर्दै बालबालिकाहरूको भावना र आवाजलाई ख्याल गरेर विद्यालय सुरक्षा अवधारणाका विषयमा राज्यका सबै निकाय सचेत रहेको छ ।

विद्यालय क्षेत्र सुधार योजना र विद्यालय सुधार योजनाले विपद् जोखिम न्युनिकरणको तत्वलाई यथेष्ट रुपमा समेट्न सकेको थिएन । तर पछिल्लो समयमा विद्यालय सुधार योजना निर्माण निर्देशिका, २०७३ देखि हालसालै विद्यालय सुधार योजना निर्माण सहायक सामग्रीमा विपद् जोखिम न्युनिकरणका विविध पक्षहरूलाई सामवेश गरिएको छ । यसका लागि शिक्षा मन्त्रालयका विभिन्न तहका कर्मचारीका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिरहेको छ । यो क्रम विद्यालय तहसम्म पुगिसकेको यसका जानकारहरूको दाबी छ ।

*–साभारः बालमैत्री स्थानीय शासन मीरेष्ट लेखमाला*

# मिथिला क्षेत्रमा विकासको सम्भावना

**डा. सुरेन्द्र लाभ**

जीवनका विभिन्न पाटाहरू मध्ये आर्थिक पाटाले वर्तमान युगमा अति महत्वपूर्ण स्थान राख्ने गरेको तथ्य प्रति कसैको विमति हुन सक्दैन । आर्थिक रूपले सबल स्थानहरू नै विकासको बाटोमा हिंडने गर्छन् । यो आलेख वस्तुतः मधेशको आर्थिक विषयमा केन्द्रित भएपनि यहाँ मिथिला शब्दको प्रयोग जानी जानी गरिएको छ । किनभने मिथिला शब्दको आफनै सुदृढ इतिहास छ । यहाँको संस्कृतिमा पनि यो शब्द जिवितै छ ।

भनिन्छ राजा दशरथ आफ्नो पुत्र रामको वरियाती लिएर जनकपुर प्रवेश गरे र एउटा विशाल घरको अगाडी सबै वरियातीलाई रोके । घरको सम्पन्नता देखेर उनलाई राजा जनकको दरबार यहि नै हुनुपर्छ भन्ने मनमा जिज्ञासा जाग्यो तर शोधपुछ गर्दा त्यो त एउटा डोमको घर पो रहेछ । त्यति बेलाको मिथिला यति सम्पन्न थियो भने तथ्य यसबाट प्रमाणित हुन्छ । तर आजकै मिथिला अर्थात संविधानतः दुई नम्बर प्रदेश अति पछौटेपनको शिकार हुन पुगेको छ ।

सरकारी तथ्याङ्क अनुसार मानव विकास सूचाकाङ्कको आधारमा दई नम्बर प्रदेशका जिल्लाहरू कतिपय दुर्गम पहाडी जिल्लाहरू भन्दा पनि तल आइसकेको स्थिति छ । तसर्थ मिथिलाको अर्थतन्त्रको स्थिति र यसलाई माथि उकास्ने विषयमा गम्भीर चिन्तन र प्रयासको आवश्यकता छ । कृषि मिथिलाको मात्रै नभइ नेपालकै जीविकोपार्जनको मूल आधार हो । अर्थतन्त्रसँग मात्र नभइ यस क्षेत्रमा कृषि धर्म र संस्कृतिसँग पनि जोडिएको छ । सीताको जन्म पनि कृषि प्रणालीसँग सम्बन्धित छ ।

मिथिलाको संस्कृतिको सूक्ष्म ब्याख्या गर्ने हो भने प्रत्येक पर्व तिहार कुनै न कुनै रूपमा कृषिसँग जोडिन जान्छ । तर यति महत्वपूर्ण क्षेत्र हुँदा पनि यहाँ किसानको हाल बेहाल छ । कृषिमा उत्पादकत्व घट्दो छ । सिंचाईको भरपर्दो व्यवस्था छैन । मल खादको समुचित व्यवस्था छैन । कृषि उपजको लागि बजार छैन । किसानको लागि कृषि जीवन निर्वाहमुखि छ । केही बर्ष पूर्व सम्म मधेशका आठवटा जिल्ला खाध्यान्न निर्यात गर्ने जिल्लाहरू मध्ये पर्थे भने आज खाध्यान्न उत्पादनमा न्यून जिल्लाहरूमा दर्जिएका छन ।

तर धेरै निराश हुनुपर्ने आवश्यकता छैन । केही उपायहरू अपनाएर यसमा सुधार गर्न सकिन्छ । जस्तो कोशी, कमला, बागमती जस्ता ठूल्ठूला नदीहरूलाई जोडेर सिंचाईको राम्रो प्रवन्ध मिलाउन सकिन्छ । यसबाट बाढी र सुक्खा दुवै समस्याको समाधान हुन सक्छ । साथै एउटै बाली धानको उत्पादनमा सीमित हुन गएको किसान बहुबालीमा सजिलै जान सक्छन । मधेशका आठवटा जिल्लामा खाध्यान्न बालीका अतिरिक्त तरकारी, टमाटर, तरबूज, आँप, ताडी जस्ता उत्पादनहरूलाई बढावा दिएर राष्टिय बजार कब्जा गर्न सकिन्छ । स्मरणीय के छ भने हाल तरकारी, टमाटर, आँप जस्ता उत्पादनले केही हदसम्म बजार लिएको पाइन्छ, तर तरबूज, ताडी जस्ता उत्पादनको ठूलो सम्भावना छ । कोकाकोला, पेप्सीकोला, फेन्टा, वीयर जस्ता बस्तुहरूलाई यिनीहरूले सजिलै विस्थापित गर्न सक्छ ।

त्यसैले आठवटै जिल्ला अर्थात मिथिलालाई अर्गेनिक जोनको रूपमा विकसित गर्ने प्रचूर सम्भावना छ । आजकल विश्व बजारमा अर्गेनिक उत्पादनको धेरै माग रहेको अवस्थामा त्यसको आपूर्ति मिथिलले गर्न सक्छ । यस अवसरलाई छोप्नु पर्दछ । विषादिको प्रवेशलाई पूर्णतः बन्देज लगाई अर्गेनिक कृषि प्रणालीलाई विस्तार र विकास गर्नु पर्दछ । रोजगारी दिने सबभन्दा ठूलो क्षेत्र उद्योगधन्दा नै हो । तर यहाँ परम्परागत घरेलु हस्तकलाका उद्योगधन्दाहरू धराशायी हुँदै गएको छ । आधुनिक उद्योग धन्दा विकासको लागि राजविराजमा औधोगिक क्षेत्र भएपनि खण्डहर भएर बसेको छ । सरकारी लगानीमा स्थापित जनकपुर चुरोट कारखाना, विरगंज चीनी कारखाना जस्ता उद्योग धन्दा बन्द भएको छ । हाल नीजि क्षेत्रबाट स्थापित उद्योग धन्दाहरू बारा र पर्सा जिल्लामा केन्द्रित छ ।

यसमा पनि कतिपय उद्योगको अवस्था उत्साहहीन छ । तसर्थ यस प्रकारको परिस्थितिले यस प्रदेशमा बेरोजगारीको गम्भीर समस्या उत्पन्न गरेको छ । साथै यस क्षेत्रको आर्थिक समृद्धिमा पनि ग्रहण लागेको छ । तर सुधार गर्न सकिन्छ । जस्तै यी आठवटै जिल्ला समथर भू-भाग भएको र भारतको सीमानासँग जोडिएकाले कच्चा मालको आयात गर्न र तयारी मालको निर्यात गर्न सजिलो छ । हुलाकी मार्ग निमार्णधीन रहेको र विजुलीको समस्या न्यून हुँदै गएकोले पनि यस क्षेत्रमा उद्योग धन्दा फस्टाउने सम्भावना छ । भारतीय सीमानाबाट विभिन्न जिल्लामा रेलको बडी लाइन आउने स्थितिले पनि उत्साहको अवस्था देखिन्छ ।

मिथिला क्षेत्रमा पर्यटनको पनि राम्रो सम्भावना छ । खासगरेर आर्थिक र सांस्कृतिक पर्यटनको लागि यो क्षेत्र अति महत्वपूर्ण छ । सप्तरीको सखडा, छिन्नमस्ता भगवती, सिराहाको सल्हेश, फुलवारी, जनकपुरको जानकी मन्दिर लगायत मठमन्दिर र तलाउहरू, जलेश्वरको जलेश्वर महादेव, सर्लाहीको ठूलो ताल, बाराको सिम्रौनगढ र भगवती मन्दिर जस्ता अनेकानेक स्थलहरू पर्यटकीय दृष्टिकोणले प्रचूर सम्भावना बोकको धामिर्क र ऐतिहासिक स्थलहरू हुन । यी स्थानहरूमा भारत र नेपालकै विभिन्न स्थानहरूबाट सजिलै आवत-जावत गर्न सकिन्छ । साथै यी सबै जिल्लाहरू पहाडको रमणीय क्षेत्रसँग पनि जोडिएको हुनाले पर्यटकको बसाई अवधि लम्बाउन सकिन्छ ।

मिथिला क्षेत्रको पहिचान झल्किने उपहार सामग्रीको निर्माण, मिथिलाको संस्कृति, कृषि र उद्योगलाई पर्यटनसँग जोड्न यहाँ उत्पादित हुने माछा, मखान, ताडी, तरबूज, आँप जस्ता उत्पादनलाई विस्तार गरेर पनि पर्यटकलाई लोभ्याउन सकिन्छ ।

आर्थिक विकासका लागि सबभन्दा ठूलो साधन भनेको मानव साधन हो । विकासको जुन मोडेलले मानवको क्षमताको पूर्ण उपयोग गर्दैन, त्यस्तो मोडेल कहिले पनि उपयुक्त हुन सक्दैन ।

*(मधेस दर्पण फिचर सेवाबाट)*

# पहिचान र अस्तित्वको लडाइँ : गोर्खाल्यान्ड



विष्णु भट्टराई





गोर्खाल्यान्ड आन्दोलन नयाँ आन्दोलन होइन । न्युयोर्क टाइम्सले आफ्नो एउटा लेखमा भनेको छ, 'इस्ट इन्डिया कम्पनीभन्दा अघिका नेपालीभाषी भारतीयहरूले स्वतन्त्रता संग्राममा महत्वपूर्ण भूमिका खेल्नुका बाबजुद भारतमा उनीहरूलाई आप्रवासीका रूपमा लिइन्छ ।'

इतिहासमा दार्जिलिङ नेपालकै भूभाग हो । सन् १८१६ को सुगौली सन्धिअघि दार्जिलिङलगायत खर्साङ, कालिम्पोङ, मिरिक, सिलिगुढी लगायतका क्षेत्रहरु नेपालकै नक्साभित्र थिए । त्यसबेला भारत भन्ने देश नै थिएन । इस्ट इन्डिया कम्पनीकाको शासन चलेको थियो । भारतमा झन्डै ६ सयवटा स्वतन्त्र राज्यहरु थिए । अंग्रेजहरुले 'फुटाउ र शासन गर' को नीति लागू गर्दै ती सबै राज्यहरुमाथि आफ्नो. आधिपत्य कायम गऱ्यो । अंग्रेजहरुले नेपालको स्वतन्त्र अस्तित्वलाई पनि समाप्त पार्न नखोजेका होइनन् । सिन्धुलीगढी, मकवानपुर र स्युराजमा अंग्रेजहरुले हमला गरेका थिए । तर नेपालीहरुले अंग्रेज आक्रमणलाई सफल हुन दिएनन् ।

भारतका पूर्वी राज्यहरू पश्चिम बंगाल, सिक्किम, आसाम, मेघालयलगायतका क्षेत्रमा नेपालीभाषी भारतीयको ठूलो जनसंख्या छ । त्यसमा पनि सिक्किम र पश्चिम बंगालको पहाडी क्षेत्र नेपालीभाषीहरूको वर्चस्व भएको क्षेत्र हो । जुन क्षेत्रमा रहेका नेपाली भाषीलाई हामी आजपर्यन्त 'भारतीय गोर्खा' का नामले चिन्छौं । सन् १८१६ को सुगौली सन्धिमार्फत नेपालले आफ्नो एक तिहाइ भूभाग गुमाउन पुगेको थियो । यही सुगौली सन्धिमार्फत दार्जिलिङ, सिक्किमसहित पश्चिममा कुमाउ (हालको उत्तराखण्ड), गढवाल (हालको उत्तराखण्ड), नैनीताल (हालको उत्तराखण्ड), सतलज (वर्तमान हिमाञ्चल प्रदेश) सहित तराईका केही भाग नेपालले गुमाउन पुगेको थियो । त्यसमध्ये नेपालले बाँके, बर्दिया, कैलाली र कञ्चनपुरपछि फिर्ता पाएको हो । ती सबै क्षेत्रमध्ये दार्जिलिङ र पहाडी क्षेत्रमा रहेका नेपालीभाषी भारतीयहरूले चलाएको गोर्खाल्यान्ड आन्दोलनले भने बेलाबेलामा हलचल मच्चाउने गरेको छ । गोर्खाल्यान्डका लागि यी भारतीय गोर्खाले गरेको आन्दोलन अझैसम्म सफलतामा पुग्न सकेको छैन । यसअघि पनि गोर्खाल्यान्डका लागि भएका आन्दोलन कुनै न कुनै सम्झौतामा गएर टुंगिने गरेका छन् । अहिले पनि पश्चिम बंगालको पहाडी क्षेत्र दार्जिलिङ, कालिम्पोङ, खर्साङलगायतका क्षेत्रमा नेपालीभाषीले गोर्खाल्यान्डका लागि आन्दोलन चर्काएका छन् ।

गोर्खा जनमुक्ति मोर्चा, पश्चिम बंगाल सरकार र भारतको केन्द्रीय सरकारबीच १८ जुलाई २०११ मा गोर्खाल्यान्ड टेरिटोरियल एडमिनिस्ट्रेसन (गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन) बनाउने सहमति भयो । यो सहमति नेपालीभाषीको निकै लामो समयदेखिको आन्दोलनको परिणाम थियो । पश्चिम बंगालको सिलगुडीमा केन्द्र सरकारका गृहसचिव केके पाठक, राज्यका गृहसचिव ज्ञानदत्त गौतम र मोर्चाका महासचिव रोशन गिरीले जीटीए लागू गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए । तीन वर्षभन्दा लामो आन्दोलनपछि पनि गोर्खाल्यान्ड छुट्टै राज्य भने हुन सकेन । गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रशासनिक, कार्यकारी र वित्तीय शक्ति भए पनि यसको आफ्नै विधायिका छैन र पश्चिम बंगालअन्तर्गत नै पर्छ । ममता वनर्जीले गोर्खाल्यान्ड आन्दोलनका क्रममा आफू मुख्यमन्त्री भएपछि गोर्खाल्यान्डबारे निर्णय गर्ने बताएकी थिइन् । तर, उनी मुख्यमन्त्री रहेकै समयमा नेपालीभाषीमाथि समेत बंगाली भाषा लाद्ने अलोकप्रिय निर्णय भएपछि नेपाली भाषीले 'भाषा बाँचे मात्रै जाति बाँच्छ' भन्दै नेपाली भाषाका लागि सुरु गरेको आन्दोलनमा प्रहरीको व्यापक दमन भएपछि यो आन्दोलनले पुनः एकपटक गोर्खाल्यान्ड आन्दोलनको रूप लिएको छ ।

पश्चिम बंगालको नेपालीभाषीको बाहुल्य रहेको पहाडी क्षेत्रमा समेत १० कक्षासम्म बंगाली भाषा अनिवार्य गर्ने ममता वनर्जी सरकारले निर्णय गरेपछि एक साताभन्दा लामो समयदेखि नेपाली भाषामाथिको अतिक्रमण भन्दै आन्दोलन सुरु गरेका हुन् । आन्दोलनका क्रममा दार्जिलिङसहितका क्षेत्रमा मुख्यमन्त्री ममता वनर्जीको फोटो अंकित ब्यानरहरू च्यातिएका छन् भने बोर्डहरू समेत नेपाली र अंग्रेजी भाषामा मात्रै राख्ने, भाषा बचाउन हस्ताक्षर संकलनलगायतका कार्यक्रम सुरु भएको थियो । तर, आन्दोलनमा प्रहरीतर्फबाट व्यापक दमन भएपछि आन्दोलन पुनः गोर्खाल्यान्डको मागतर्फ मोडिएको हो । दार्जिलिङसहित पश्चिम बंगालका पहाडमा कक्षा-१ देखि कक्षा १० सम्म नेपाली, अंग्रेजी र हिन्दी भाषा अनिवार्य भाषाका रूपमा पढाइ हुँदै आएको छ ।

भारतको संविधानमा नेपाली भाषा आठौं अनुसूचीमा राखिएको छ । वनर्जीले बंगाली भाषालाई तेस्रो भाषाका रूपमा प्रयोगमा ल्याउने बताएसँगै नेपाली भाषा हटाउने संकेत देखिएपछि नेपालीभाषी आन्दोलनमा उत्रिएका हुन् । गोर्खा जनमुक्ति मोर्चाको आन्दोलनका क्रममा गत सोमबारदेखि नै अनिश्चितकालीन आम हडतालमा उत्रिएपछि सो क्षेत्र तनावग्रस्त बन्दै आएको छ । आन्दोलनका क्रममा सबै कर्मचारीलाई अनिवार्य कार्यालयमा उपस्थित हुन र यातायातका साधन सञ्चालन गर्न राज्य सरकारले उर्दी नै जारी गरेको छ । तर, गोजमोका नेता कार्यकर्तादेखि जनतासम्मले गोर्खाल्यान्ड आन्दोलनमा समर्थन जनाएका कारण ती क्षेत्र सुनसान बनेका छन् । सरकारी हस्तक्षेपका बाबजुद केही सरकारी कार्यालय खुले पनि अधिकांश कर्मचारी कार्यालय आएका छैनन् । आन्दोलनका क्रममा नेपालीभाषीको बाहुल्य रहेका क्षेत्र ठप्प बनेका छन् भने बन्दका क्रममा दर्जनौं पक्राउ परेका छन् । पर्यटकीय स्थल दार्जिलिङमा अनिश्चितकालीन बन्दका क्रममा होटलहरू समेत बन्द भएका छन् भने सडकमा सवारीसाधन ठप्प छन् । बन्दका क्रममा मोर्चाका कार्यकर्ताले थुप्रै सवारीसाधनमा तोडफोड गरेका छन् । त्यस्तै, खर्साङनजिकै महानदी र गिद्धपहाडबीचको पगनाझोडा ठूलो खोलामा मोर्चाका कार्यकर्ताले सरकारी गाडी जलाइदिएका छन् ।

सन् १९४७ पछि दार्जिलिङलाई पश्चिम बंगालमा गाबिएकामा धेरै स्थानीय असन्तुष्ट थिए । सन् १७८० मै गोर्खालीहरूले सिक्किमलगायत उत्तर पूर्वी भूभागहरू नियन्त्रणमा लिएका थिए । तर, सन् १८१६ को सुगौली सन्धिअनुरूप धेरै भूभाग गुमाउनुपऱ्यो । सिक्किममा गाभिएको तत्कालीन दार्जिलिङलाई सन् १८३५ मा सिक्किमले आफ्नो नियन्त्रणबाट मुक्त गरेको थियो । मधेसको औलोबाट बच्न र बिरामी हुँदा उपचारका लागि समेत दार्जिलिङ उपयुक्त स्थान ठहर गरी सन् १८३५ फेब्रुअरीमा लोयडले सिक्किमी राजासित दार्जिलिङ मागेका थिए । मित्रताको प्रतीकमा राजाले स्वास्थ्य शिविर बनाउन बर्सेनि ३ हजार पाउने गरी १४४ वर्गमाइल क्षेत्र प्रदान गरे पनि त्यो अधिकार क्षेत्रलाई मिचेर इस्ट इन्डिया कम्पनीले सिंगै दार्जिलिङ कब्जा गऱ्यो । सोही विवादकै क्रममा सन् १८५० मा कम्पनी सरकार र सिक्किमबीच युद्ध भएको थियो । गोर्खाल्यान्डकै लागि भएको आन्दोलनमा भने सन् १९८६ देखि १९८८ सम्मको आन्दोलन सबैभन्दा भीषण आन्दोलन हो । यसमा १० हजारभन्दा बढीको मृत्यु भएको थियो ।

भारतले दुवै थरी नेपालीलाई समान दृष्टिकोणले हेर्ने र सुगौली सन्धि र त्यस अघिदेखि नै भारतीय क्षेत्रमा परेको क्षेत्रमा बसोवास गर्ने नेपालीलाई नेपाली मूलका भारतीयका रूपमा हेर्ने गर्छ । यो अन्तरविरोधकै कारण गोर्खाल्यान्ड आन्दोलनका दौरानमा सो सन्धि जलाइएको थियो ।

सुगौली सन्धिले नेपालले आफ्नो एकतिहाइ भूभाग र धेरै जनता समेत गुमाउन पुग्यो । गोर्खाल्यान्डका लागि आन्दोलन चलिरहेको यो क्षेत्रमा धेरै नेपालीको बसोवास रहेको छ र उनीहरू आफूलाई गोर्खा भन्छन् । उनीहरूले धेरै लामो समयदेखि गोर्खाल्यान्ड राज्यको माग गर्दै आएका छन् । जसबाट उनीहरू आफ्नो समाजिक तथा आर्थिक सुधार गर्न चाहन्छन् र आफ्नो राजनीतिक पहिचान विश्वसामु खोज्दै छन् ।

पश्चिम बंगालमा प्रहरीको गोली लागेर गोर्खा जनमुक्ति मोर्चाका तीन कार्यकर्ताको मृत्यु भएपछि आन्दोलनले झन् चर्को रुप लिन थालेको छ । दार्जिलिङमा आन्दोलनरत गोर्खा जनमुक्ति मोर्चाले ममता बनर्जी नेतृत्वको पश्चिम बंगाल सरकारसँग वार्ता गर्न अस्वीकार गर्दै अब केन्द्र सरकारसँग मात्रै वार्ता गर्ने जनाएको छ । गोर्खाल्यान्ड राज्यको माग गर्दै आन्दोलन चर्किएपछि पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले आन्दोलन रोके वार्तामा बस्न तयार रहेको बताएलगत्तै मोर्चाको यस्तो भनाइ आएको हो । मोर्चाका नेता विनय तामाङले भने, 'हामी पश्चिम बंगाल सरकारसँग तयार छैनौं । ममता बेनर्जीले हाम्रो अपमान गरिन् । हामीलाई आतंककारी भनिन् । हामी आफ्नो अधिकारका लागि लडिरहेका छौं । हामी केन्द्र सरकारसँग मात्र वार्ता गर्छौं ।'

पश्चिम बंगालमा अहिले पनि अंग्रेजी, हिन्दी र नेपाली भाषा अनिवार्य रूपमा पढाइ हुँदै आएको छ । अंग्रेजी अन्तर्राष्ट्रिय भाषा, हिन्दी राष्ट्रिय भाषा भएको र बंगाली भाषालाई अनिवार्य गरिएपछि नेपाली भाषा संकटमा पर्ने आशंकामा नेपालीभाषीले आन्दोलन सुरु गरेका थिए । सो आन्दोलनमा प्रहरीले व्यापक धरपकड गरेपछि आन्दोलनले उग्ररूप लिँदै गोर्खाल्यान्ड आन्दोलनको रूप लिएको हो । भारतको केन्द्र सरकारका गृहमन्त्री राजनाथ सिंहले दार्जिलिङमा छुट्टै गोर्खाल्यान्ड राज्यको माग गर्दै आन्दोलनमा उत्रिएका गोर्खा जनमुक्ति मोर्चा (जीजेएम) का कार्यकर्ता तथा दार्जिलिङवासीलाई आफ्ना माग सम्बोधन गराउन हिंसाको बाटो नअपनाई वार्ताको माध्यमबाट समस्याको समाधान निकाल्न आग्रह गरेका छन् । गृहमन्त्री सिंहले हिंसाको बाटोबाट कहिल्यै समस्याको समाधान खोज्न नसकिने भएकाले समग्र दार्जिलिङवासीलाई शान्त एवं धैर्य रहन आग्रह गरेका हुन् । उनले भने, 'सबै सम्बद्ध पक्षले आफ्ना मतभिन्नता र गलत बुझाइलाई जिम्मेवार बनी वार्ताका माध्यमबाट सौहार्द वातावरणमा समाधान गर्न सकिन्छ ।'

भारतजस्तो प्रजातान्त्रिक मुलुकमा हिंसाले समस्याको समाधान खोज्न असम्भव हुने बताउँदै उनले हरेक विषयको आपसी समझदारीबाट समाधान निकाल्न सकिनेमा जोड दिए । गृहमन्त्री सिंहले एकपछि अर्को गरी जारी ट्विट सन्देशमा लेखेका छन्, 'म दार्जिलिङ र वरपरका क्षेत्रमा बसोबास गर्ने जनतालाई शान्त र जिम्मेवार बन्न अपिल गर्छु ।' सिंहले पश्चिम बंगालका मुख्यमन्त्री ममता बनर्जीसँग पनि आइतबार नै कुराकानी गरी दार्जिलिङमा देखिएको अवस्थाबारे थप जानकारी लिएका छन् । सिंहले शनिबार पनि मुख्यमन्त्री बनर्जीसँग कुराकानी गर्दै दार्जिलिङमा शान्ति स्थापना गर्न यथासम्भव कदम चाल्न आग्रह गरेका थिए । प्राकृतिक सुन्दरता रहेको दार्जिलिङका विद्यालयमा बंगाली भाषालाई अनिवार्य बनाउने निर्णयले विगत केही दिनयता दार्जिलिङवासी व्यापक विरोधमा उत्रिएका हुन् ।

अर्ध-स्वायत्त गोर्खाल्यान्ड प्रदेश प्रशासनमा पकड रहेको मोर्चाले गोर्खाल्यान्डलाई छुट्टै राज्य बनाउन माग गर्दै विरोधको नेतृत्व गरिरहेको छ । आइतबार हजारौं दार्जिलिङवासीले प्रहरी भीडन्तमा मारिएका जीजेएमका कार्यकर्ताको मृत शरीर लिएर स्थानीय चोक तथा बजारमा उत्रिएपछि सो क्षेत्र थप तनावग्रस्त बनेको थियो ।

भारतको पश्चिम बंगाल सरकारले एक साताभन्दा लामो समयदेखि आन्दोलनरत भारतीय गोर्खाप्रति कडा रूपमा प्रस्तुत हुने संकेत दिएको छ । यता मुख्यमन्त्री ममता बनर्जीले भने प्रहरीले आन्दोलनकारीमाथि गोली नचलाएको दाबी गरेकी छन् । उनले गोर्खाल्यान्ड माग गर्दै आन्दोलन गरिरहेका नेपालीभाषीको आतंककारीसँग सम्बन्ध रहेको आरोप लगाएकी छन् । शनिबार प्रहरीलाई लक्षित गरी आन्दोलनकारीले ढुंगा, पानीका बोत्तल प्रहार गरेका थिए भने प्रहरीले मोर्चाका कार्यकर्तामाथि अश्रुग्याँस प्रहार गर्नुका साथै लाठीचार्ज समेत गरेको थियो । सो क्रममा आन्दोलनकारीको ढुंगा लागेर इन्डियन रिजर्भ बटालियनका एक सहायक कमान्डर गम्भीर घाइते भएको बताइएको छ ।

आन्दोलन बढ्दै जाँदा सो क्षेत्रको पूरै इलाकामा निषेधाज्ञा जारी गर्दै कसैलाई पनि भेला, जुलुस गर्न रोक लगाइएको छ । पश्चिम बंगाल सरकारले दार्जिलिङ र आसपासका क्षेत्रमा निरन्तर भइरहेको बन्द र प्रदर्शनपछि इन्टरनेट प्रदायक कम्पनीलाई सेवा बन्द गर्न निर्देशन दिएको छ । इन्टरनेट बन्द भएपछि सामाजिक सञ्जाल प्रयोगकर्ता र कतिपय सेवाप्रदायक समेत मारमा परेका छन् । सरकारको यस्तो कदमलाई मोर्चाले तानाशाही भनेको छ । प्रहरी र आन्दोलनकारीबीचको झडप जारी रहँदा गोर्खाल्यान्डको माग गर्दै सुरु भएको अनिश्चितकालीन बन्द जारी छ ।

मुख्यमन्त्री बनर्जीले गोर्खाल्यान्डको माग गरिरहेको गोजमोको आतंकवादीसँग सम्बन्ध रहेकै कारण गोर्खाल्यान्ड टेरिटोरियल एडमिनिस्ट्रेसन (जेटीए) को चुनावअघि अशान्त फैलाएको आरोप लगाएकी छन् । उनले भनिन्, 'पाँच वर्षसम्म मोर्चाले आनन्द लियो, जब चुनाव आयो अनि हिंसा सुरु गरिएको छ, किनकि यहाँ उसले आफ्नो जनमत गुमाएको छ । यहाँ जे भइरहेको छ, त्यसका पछि गहिरो षड्यन्त्र छ ।' उनले गोर्खाल्यान्डको माग गरिरहेको गोर्खा जनमुक्ति मोर्चा र नेपाली भाषी समुदायले हतियार जम्मा गरेको समेत आरोप लगाएकी छन् । समाजवादी पार्टीका अखिलेश चतुर्वेदीले गोजमोका समर्थकले त्यालीका क्रममा गोजमो समर्थकमाथि नै हमला गरेपछि आईआरबी दोस्रो बटालियन सहायक कमान्डर किरण तामाङको हत्या गरेको दाबी गरेका थिए । तर मुख्यमन्त्री बनर्जीले त्यसलाई खारेज गर्दै तामाङ गम्भीर घाइते मात्रै भएको बताएकी छन् ।

उनले राज्य सरकार गोजमोसँग वार्ता गर्न तयार रहेको बताउँदै हिंसाबाट यो समस्याको हल हुन नसक्ने बताएकी छन् । उनले भनिन्, 'हामी उनीहरूसँग वार्ता गर्न तयार छौं, तर हामी संविधानको उल्लंघनको समर्थन गर्न सक्दैनौं ।' यता प्रहरीले भने सिंगामडी घटनापछि स्थानीयको घरमा समेत छापा मारेर सर्वसाधारणलाई त्रसित पारेको छ । मोर्चाका नेता विनय तामाङले भने गोर्खाल्यान्डको आफूहरूको माग पूरा नभएसम्म आन्दोलन जारी रहने बताएका छन् ।

पश्चिम बंगाल सरकारले नेपाली भाषीको बाहुल्य रहेको दार्जिलिङ र पहाडी क्षेत्रमा समेत बंगाली भाषा १० कक्षासम्म अनिवार्य गर्ने निर्णय गरेपछि नेपाली भाषामाथि अतिक्रमण भएको भन्दै आन्दोलन सुरु गरेको थियो । सो आन्दोलनमा प्रहरीले व्यापक दमन गरेपछि त्यसले पुनः गोर्खाल्यान्ड आन्दोलनको रूप लिएको हो ।

भारतको नेपालीभाषीको बाहुल्य रहेको सो क्षेत्रमा अहिले पनि हिन्दी, अंग्रेजी र नेपाली भाषा अनिवार्य रूपमा पढाइ हुँदै आएको छ । अब बंगाली भाषा अनिवार्य गरिएपछि हिन्दी राष्ट्रिय भाषा भएको, अंग्रेजी अन्तर्राष्ट्रिय भाषा भएको र बंगाली भाषा पनि अनिवार्य गरिएपछि नेपाली भाषामाथि हटाउन लागेको भन्दै आन्दोलन भएको हो । यसअघि पनि गोर्खाल्यान्डको माग गर्दै पटकपटक आन्दोलन गर्दै आएका भारतीय गोर्खालीले यो पटक पनि आफ्ना माग सम्बोधन नभएसम्म आन्दोलन नरोक्ने स्पष्ट पारेका हुन् । गोर्खा जनमुक्ति मोर्चाले अलग गोर्खाल्यान्ड राज्य निर्माण गर्न केन्द्र सरकारलाई समेत ज्ञापनपत्र बुझाइसकेको छ ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### सातपटक बिहे



अमेरिकी नागरिक ग्याब्रियला र टिमोथीले आफ्नो बिहे अलिक फरक ढंगले गर्ने निधो गरे । जस अनुसार, यो जोडीले ४० दिनमा विभिन्न ७ वटा देशमा पुगी ७ पटक नै बिहे गर्ने योजना बनायो । त्यो पनि सम्बन्धित देशको रीतिरिवाज अनुसार ।

योजना मुताविक उनीहरुले अहिलेसम्म आफ्नो पाँचौ बिहे सम्पन्न गरिसकेका छन् र अब थप दुईपटक बिहे गर्ने योजना छ । यस अमेरिकी जोडीले आफ्नो बिहेयात्राको सुरुवात जापानबाट गरेका हुन् । भेटेनरी डाक्टरसमेत रहेकी ग्याब्रियला र मनोविज्ञान विषयका विद्यार्थी रहेका उनका पति टिमोथीको अध्ययनका क्रममा जापानमै भेट भएको थियो । जहाँ उनीहरुबीच सम्बन्ध आत्मीय बन्यो । बिहेको योजना बुनियो । यस दम्पतिले पहिलो बिहे गत मे १८ मा शिन्टो परम्परा अनुसार जापानमा सम्पन्न गरेका हुन् । त्यसक्रममा बिहेका लागि ३० मिनेट लागेको थियो ।

जापानपछि यो जोडी इन्डोनेसिया पुग्यो । मे ३० मा उनीहरुले इण्डोनेसियाको बालीमा दोश्रो बिहे गरे स्थानीय परम्परा र भेषभुषामा सजिएर । यिनीहरुको तेस्रो बिहे चाहीँ हाम्रै देश नेपालमा भएको हो । गत जुन २ तारेखमा उनीहरुबीच ललितपुरको पाटनमा बिहे भएको रहेछ । बेहुली ग्याब्रियलाले भनेकी छिन् । हाम्रो नेपाल भ्रमणअघि हामीले हाम्रो बिहेमा दम्पतिलाई बौद्ध भिक्षुहरुद्धारा आशीर्वाद प्रदान गर्नका लागि एक गुम्बालाई अनुरोध गर्यौं । गोल्डेन टेम्पल नजिकै जुन २ तारेखमा बिहे र आशिर्वाद ग्रहण सम्पन्न भयो ।

नेपालपछि चौथो बिहेका लागि उनीहरु भारतको चेन्नइ हानिए । जहाँ बेहुलीका प्राध्यापक मोहन कुमारको निवासमा हिन्दू परम्परा अनुसार उनीहरुबीच बिहे सम्पन्न भयो ।

### घोडासँग संसर्ग



अमेरिकाको अर्कान्सासमा बस्ने एक महिलाले आफुले घोडासँग सेक्स गरेको र गर्भवती भएको दाबी गरिन् ।

घोडासँगको संसर्गबाट रहेको गर्भलाई आफुले जन्माउन चाहेको पनि उनले बताएकी थिइन् । ती महिलाले फेसबुकमा लेखेकी थिइन् की उनी १२ हप्ताकी गर्भवती छिन् । आफ्नो पेट जुन प्रकारले बढिरहेको छ त्यस अनुसार पेटभित्र घोडाको बच्चा नै बढिरहेको उनको ठम्याई थियो । ती महिलाले फेसबुकमा लेखेकी थिइन 'म र मेरा पतिले मज्जाले रक्सी पिएका थियौं । त्यसपछि मैले घोडासँग सेक्स गरेँ । अहिले म गर्भवती हुँदा अल्ट्रासाउण्ड गराउन पनि डर लागिरहेको छ । यदि मेरो पेटभित्र घोडाको बच्चा नै रहे के गर्ने ? तर जे जुकै होस् आफूले पेटभित्र बढिरहेको गर्भलाई जन्माउन चाहेको उनको भनाइ थियो ।

### कत्रो पिज्जा



अमेरिकाको लस एन्जल्समा विश्वकै सबैभन्दा लामो पिज्जा तयार पारिएको छ । उक्त पिज्जाको लम्बाई २ किलोमिटर छ । गत वर्ष इटालीमा तयार पारिएको लामो पिज्जाको रेकर्ड तोड्दै अमेरिकी पिज्जाले आफ्नो नाम गिनिज बुकमा लेखाउन सफल भएको हो । एउटा अटो क्लब स्पिडवेमा दर्जनौं शेफ तथा अन्य सहयोगीहरुले मिलेर यो पिज्जा पारेका थिए । जब यो पिज्जाले ६ हजार ३३३ फिट अर्थात् १.९३ किलोमिटरको दूरी पार गर्यो तब यसले इटालियन पिज्जाको किर्तिमान भंग गरिसकेको थियो । गिनिज बुकका अधिकारीहरुले यसलाई दुनियाको सबैभन्दा लामो पिज्जाको रुपमा किर्तिमानको प्रमाणपत्र पनि दिए । गतवर्ष इटालीमा बनाइएको पिज्जा ६ हजार ८२ फिटको थियो । झण्डै दुई किलोमिटर लामो यो पिज्जा बनाउन आठ घण्टा लागेको थियो । ३६ सय ३२ किलो आटा, १६ सय ३४ किलो चिज, २५ सय ४२ किलो साल्सा सस मिलाएर यस हाइफाइ पिज्जा तयार गरिएको थियो ।

### लोग्नेलाई सर्पले डसेपछि...

सँगै मर्ने, सँगै बाँच्ने भन्ने बाचा गर्ने जोडीहरु बाँच्न त सँगै बाँच्न चाहलान् तर जीवनसाथी मर्दा आफू पनि मर्ने हिम्मत जुटाउने कति होलान् ? भारतको बिहारमा एउटा यस्तै घटना सार्वजनिक भएको छ ।



बिहारको समस्तीपुरस्थित वीरसिंघमपुरका शंकर रायलाई सुतिरहेको बेलामा विषालु सर्पले डस्यो । सर्पले डसेको केही बेरमा जिउ दुख्न थालेपछि उनी ब्युँझिए र अतालिए । उनले सर्पले डसेको चाल पाएसँगै आफ्नी पत्नी अमिरी देवीको गर्धनमा टोके ।

सर्पले डसेको लोग्नेले टोकेपछि अमिरी देवीको जिउमा पनि सर्पको विष फैलियो । एकैछिनमा दुवैजना बेहोस भए । उनीहरु दुबैजनालाई अस्पताल लगियो । डाक्टर हरुले पत्नीलाई बचाउन सके तर शंकरलाई चाहीँ बचाउन सकेनन् । आखिर सर्पले आफुलाई डसेपछि शंकरले आफ्नी श्रीमतीको गर्धमा किन टोके होलान् ? कारण निकै हृदयविदारक छ । अमिरी देवीका अनुसार शंकरले उनलाई जबरजस्ती गर्धनमा टोकेका होइनन् । उनले नै राजीखुसीले टोक्न दिएकी हुन् ।

किन त ? खास कुरा के भने शंकरलाई आफ्नी पत्नीसँगै जिउने र सँगै मर्ने अन्तिम इच्छा थियो । त्यसैले आफूलाई सर्पले डस्ने बित्तिकै आफ्नो जिउमा फैलिएको सर्पको विष पत्नीको जिउमा पनि पुगोस् र लोग्नेस्वास्नी सँगै मरियोस् भनेर पत्नीको गर्धनमा दाँतले गहिरो गरी टोकेका रहेछन् उनले । तिर विधिको विधान । सँगै मर्ने इच्छा भएपनि डाक्टरहरुले उनकी श्रीमतीलाई बचाइदिए अनि शंकर एक्लै परलोक भए ।

### यहाँ चराहरु आत्महत्या गर्छन्



भारतमा एउटा गाउँ नै यस्तो छ जुन चराचुरुंगीको आत्महत्याका लागि चर्चित छ । जब सेप्टेम्बर महिना सुरु हुन्छ भारतको दक्षिणी असमस्थित दिमा हाँसो जिल्लामा पर्ने जतिंगा गाउँको चर्चा सुरु हुन्छ । गाउँ चर्चामा आउनुको कारण हो त्यहाँ चराचुरुंगीले आत्महत्या गर्नु ।

वास्तवमा अक्टोबर देखि नोभेम्बर सम्म कृष्णपक्षको रातमा त्यहाँ अनौठो घटना हुन्छ । बेलुकी ७ बजेदेखि रातको १०, साढे १० बजेको बीचमा यदि आकासमा बादल लाग्यो, हावाको रफ्तार तीव्र भयो र कसैले कहीँबाट बत्ती बालिदियो भने चराहरुको आत्महत्या सुरु हुन्छ । चराको झुण्ड किटपतंग जस्तै गरी बत्तीमाथि बज्रिन्छन् ।

आत्महत्याको यो दौडमा स्थानीय तथा फिरन्ते गरी ४० प्रजातिको पंक्षी सामेल हुन्छन् । उक्त ठाउँमा आएका आप्रवासी चराहरु फर्केर जाने सम्भावना निकै कम हुन्छ । यो गाउँमा रातमा प्रवेश गर्न बाहिरी मानिसरुलाई प्रतिबन्ध लगाइएको छ ।

जातिंगा गाउँ असमको बोरेल पर्वतमा अवस्थित छ । यहाँ निकै धेरै वर्षात् हुनुका साथै बादल तथा बाक्लो धुँधीले आकाश ढाकिएको हुन्छ । गहिरो उपत्यका हुनुका कारणले जातिंगामा जब ठूलो वर्षा हुन्छ र चराचुरुंगीहरु यहाँबाट उड्ने कोसिस गर्दछन् तब उनीहरुको प्वाँख समेत सबै जिउ भिज्न पुग्दछ । यसरी उच्च वर्षाका कारण सबै भिजिसकेपछि चराचुरुंगीहरु उड्न गाह्रो हुन्छ र कतिपय अवस्थामा भुइँमा खस्दछन् ।


त्यस्तै यो गाउँको आसपास बाँसको घना जंगल छ । अँधेरो रात तथा हुस्सु लागेको बेलामा चराचुरुंगीहरु उड्ने बेलामा बाँसमै ठोक्किएर पनि दुर्घटनामा पर्दछन् । बेलुकीपख आफ्नो फर्किँदै गरेका पंक्षीहरु बाँसमा ठोक्किएर दुर्घटनामा पर्ने घटना धेरै हुन्छन् । अँध्यारो तथा हुस्सु लागेको रातमा यति गाउँमा कसैले बत्ती बालिदियो भने चराचुरुंगीहरु उज्यालो खोज्दै जाँदा सोही बत्तिमाथि बज्रिने गर्दछन् पनि ।

यसरी गाउँमा प्राकृतिक प्रकोपका कारण वर्षेनी ठूलो संख्यामा चराचुरुंगीहरु मर्ने गर्दछन् । तर झ्वाट्ट हेर्दा चाहीँ आकाशमा उड्ने चराहरु आत्महत्या गरेर भुइँमा झरेका हुन् की भन्ने जस्तो देखिन्छ । अनि किम्बदन्ती र आम मान्यता पनि त्यस्तै हुन्छ ।

*एजेन्सीहरुबाट*

प्रेरक

## प्राकृतिक नियम



महात्मा गान्धी भारतीय स्वतन्त्रता संग्रामका अगुवा मात्र थिएनन् यौन मामिलाका पनि अनौठा साधक थिए । उनी ब्रह्मचर्य मानिसको ठूलो शक्ति ठान्थे । उनी आफ्नै श्रीमती कस्तुखा गान्धीसँग पनि ब्रह्मचर्यको पालना गर्थे । मनलाई एकाग्र बनाएर यौन सोचलाई परास्त गर्न सकिन्छ भन्थे उनी ।

ब्रह्मचर्यको प्रयोग गरेको भन्दै गान्धी तरूनी केटीहरूको हात समातेर हिँड्थे । गान्धीको यस्तो व्यवहारको निकै आलोचना भयो । तरूनीहरूको हात समातेर बूढा गान्धी छिल्लिन थालेको भन्दै मानिसहरूले कुरा काटेको आफ्नै कानले सुनेपछि गान्धी तरूनीको हात समातेर सार्वजनिक रूपमा हिँड्न छोडे । तर केही समयपछि गान्धी फेरि केटीहरूको हात समातेर उनीहरूलाई अँगालो हालेर हिँड्न थाले । मानिसहरूले के भन्छन् ? उनलाई वास्ता हुन छोड्यो । तरूनीहरूसँग नारिएर हिँड्दा पनि यौन अनुभूति हुन छोडेपछि ब्रह्मचर्य सफल भएको भन्न थाले ।

सत्तरी वर्षको उमेर काटेका गान्धीलाई एक रात स्वप्नदोष भएछ । यो कुरा उनले लुकाएनन् । उनले भने- प्राकृतिक नियमलाई कसै गरे पनि रोक्न सक्दो रहेनछ ।' यसपछि गान्धीले ब्रह्मचर्यको पालना गरेको कतै सुनिएन पनि ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । विभिन्न अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ । खानपानको असावधानीले स्वास्थ्य कमजोर रहला । शक्तिका लागि धाउनेहरूबाट सजग रहनुपर्ला । सरकारी कामकाजमा अलमल हुन सक्छ । आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय छ । शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला ।

### बृष

व्यवसायमा लगानी बढाउनुपरे पनि लागेको मूल्य उठाउन मुस्किल पर्नेछ । फाइदाका पछि लाग्दा काम बिग्रने सम्भावना देखिन्छ । समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला । सानो गल्तीले हर्जाना तिराउन सक्छ । नयाँ काममा लगानी गर्न केही समय पर्खंदा राम्रो हुनेछ ।

### मिथुन

आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ । पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ । दिगो फाइदा हुने काम प्रारम्भ होला । साझेदारीबाट पनि लाभ मिल्नेछ । भौतिक साधन जुट्नेछन् । सञ्चित धनको उपयोगबाट विशेष फाइदा हुनेछ ।

### कर्कट

विशेष भेटघाटले काममा उत्साह बढाउला । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । समुदायको नेतृत्व गर्दै आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सफल भइनेछ । आँटले कीर्तिमानी दिलाउन सक्छ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट मनग्गे लाभ मिल्नेछ । व्यापारमा पनि निकै फाइदा हुनेछ ।

### सिंह

जिम्मेवारी प्राप्त भए पनि तत्काल फाइदा उठाउन नसकिएला । अवसरका लागि जोखिमपूर्ण काममा जुट्नुपर्ने हुन सक्छ । सुरुमा सोखले खर्च गराउनेछ भने पछि भैपरी आउने समस्याले । समयमा सजग नबन्दा शुभचिन्तकहरू समेत टाढिन सक्छन् । चिताएको काम रोकिए पनि भाग्यले केही अवसर थमाउन सक्छ । परोपकारी कामले मात्र अरूको मन जित्न सकिनेछ ।

### कन्या

अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला । परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । सम्भावना देखिए पनि न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला । परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ । सहयोगीहरूको भर पर्दा दुस्ख पाइनेछ । गरेका कामबाट तत्काल फाइदा उठाउन मुस्किलै पर्नेछ । अवसर जुटे पनि ठूलो उपलब्धिका लागि समय पर्खनुहोला ।

### तुला

परिवारजनको साथले उत्साहित भइनेछ । तर, प्रतिष्ठा एवं लोकाचारका लागि अनावश्यक काममा जुट्नुपर्ला । परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ । वादविवादले पुरानो सम्बन्धमा समस्या निम्त्याउन सक्छ । भौतिक साधन बिग्रनाले काममा विलम्ब हुनेछ । जीवनसाथीको स्वास्थ्यबारे चिन्ता बढ्न सक्छ । व्यावसाय विस्तारका लागि यात्रा गर्ने अवसर जुट्नेछ ।

### वृश्चिक

मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन् । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ । चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर र आम्दानीले पछ्याउनेछन् । व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्गे फाइदा हुनेछ ।

### धनु

स्वास्थ्यका लागि खानपानमा सजग रहनुपर्ला । परिस्थितिवश तत्काल लाभांश नजुट्न सक्छ । समयको तालमेल नमिल्नाले चिताएको काममा विलम्ब होला । आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन् । पेटको खराबीले कमजोर भइनेछ । पछिका लागि फाइदा भए पनि सोचेको परिणाम तत्काल प्राप्त नहोला । अध्ययनमा समय दिन नसक्दा पछि परिने सम्भावना छ ।

### मकर

समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् । परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । मिहिनेतको फल अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ । आफ्नाले समयमा सहयोग नगर्दा अवसर फुत्किन सक्छ । नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताइरहनेछ । बेसुरमा दिएको वचनले समेत आफैंलाई अप्ठ्यारो पार्न सक्छ ।

### कुम्भ

काममा मिहिनेतको फल प्राप्त हुनेछ । प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । नयाँ तथा रचनात्मक काममा जुट्ने समय छ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । व्यापारमा पनि मनग्य धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ ।

### मीन

आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । अध्ययनमा त्यति समय दिन नसकिएला । स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । विचार सम्प्रेषण गर्न केही समय पर्खनु बुद्धिमानी हुनेछ ।

## धनपति रिलिज हुँदै

निर्देशक दीपेन्द्र के खनाल निर्देशित चलचित्र 'धनपति' काठमाडौंको कुमारी हलमा मात्र अंग्रेजी सबटाइटलसहित रिलिज हुने भएको छ । विदेशी दर्शकहरु समेत हलमा चलचित्र हेर्न पुग्ने तर भाषाको समस्या देखिएकाले अंग्रेजी सब(टाइटलमा चलचित्र देखाउन लागिएको निर्देशक खनालले बताएका छन् ।

असार २३ गतेबाट रिलिज हुने यो चलचित्रमा खगेन्द्र लामिछाने, सुरक्षा पन्तको मुख्य भूमिका छ । चलचित्रको 'सुख(दुःख' बोलको गीतको भिडियो पनि सार्वजनिक गरिएको छ । यो गीतमा आधा सुर र शरदा अधिकारीको स्वर, आधा सुरकै शब्द तथा संगीत छ । गीतमा जिन्दगीको भोगाइलाई चित्रण गरिएको छ । रोजिना सिटौला निर्माता रहेको चलचित्रमा खगेन्द्र र सुरक्षाको अलवा मनिष निरौला, आशान्त शर्मा, सुरवी बर्तौला, हरिहर शर्मा, रवि गिरी लगायतका कलाकारको अभिनय छ । दिर्घ खड्काको सम्पादन, दिपेन्द्र के खनालको छायांकन, सूर्य थोकरको एक्सन चलचित्रमा छ ।

## "लखपति माग्ने" बन्ने

छायांकार सबनम मुखियाले कमलमणी नेपाल र निरु खड्कालाई मुख्य भुमिकामा लिएर चलचित्र 'लखपति माग्ने' बनाउने भएकी छिन् । प्रथम नायिका भूवन चन्दको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा 'लखपति माग्ने'को शुभसाइत गरिएको थियो ।

सवनम मुखीयाको लेखनरनिर्देशनमा बन्ने 'लखपति माग्ने'को भदौ पहिलो सातादेखि सुटिङ सुरु हुने भएको छ । कमलमणी नेपाल एवं निरु खड्का बाहेक अन्य कलाकार छनौट हुन बाँकी रहेको सबनमले बताइन् । चलचित्रमा सन्तोष श्रेष्ठको संगीत एवं शान्तिप्रियको गीत रहनेछ । हाँस्यरसमा आधारीत चलचित्र रोमान्टीक हुने लेखक निर्देशक मुखीयाले बताइन् । चलचित्रका निर्माता नरेन्द्र महर्जन तथा प्रकाशचन्द्र महर्जन छन् । सोही कार्यक्रमा चलचित्र 'जुभिनाइल'को दुई गीत पनि सार्बजनिक गरिएको छ । जुभिनाइल सवनमले निर्देशन गरेको लघु चलचित्र हो ।

## "प्रेमगीत २" को ट्रेलर सार्वजनिक

काठमाण्डौमा एक कार्यक्रमको आयोजना गर्दै चलचित्र 'प्रेमगीत २'को ट्रेलर सार्वजनिक भएको छ । चलचित्रका मुख्य कलाकारद्धय प्रदिप खड्का र अश्लेषा ठकुरीसहित निर्माता सन्तोष सेन, निर्देशक रामशरण पाठकले ट्रेलर सार्वजनिक कार्यक्रममा पत्रकारका प्रश्नको जवाफ दिएका थिए ।

साउन १३ गतेबाट रिलिज हुने यो चलचित्रको ट्रेलरमा प्रेमका लागि हुने त्याग, द्वन्द्वको कथा समावेश गरिएको छ । बर्मा, थाइल्याण्ड र नेपालमा छायांकन गरिएको यो चलचित्रमा २ मुलुकका युवायुवतीको कथालाई देखाइएको छ । पुरुषोत्तम प्रधानले चलचित्रको क्यानभास गजबले क्यामेरामा उतारेका छन् ।

चलचित्रको ट्रेलरमा एक्सनलाई बढी महत्व दिइएको छ । अष्ट महर्जनले चलचित्रमा एक्सन निर्देशन गरेका हुन् । कार्यक्रममा बोल्दै चलचित्रका निर्देशक रामशरण पाठकले म्यानमार र नेपालमा बस्ने यूवायूवतीविच हुने प्रेमकथालाई चलचित्रमा देखाइएको बताए । उनले 'प्रेमगीत' जहाँबाट सकिन्छ त्यहाँबाट चलचित्र सुरु हुन्छ या हुँदैन भन्ने हेर्नका लागि साउन १३ नै कुर्नुपर्ने बताए । निर्माता सन्तोष सेनले चलचित्रमा आफू खलनायकको भूमिकामा देखिएको बताए । यो चलचित्र हेरेपछि प्रदिपका फ्यानले आफूलाई गाली गर्ने सन्तोषको भनाई थियो ।

यस्तै, नायक प्रदिप खड्काले यसपटक चलचित्रका लागि निकै दुःख गरेको सुनाए । उनले यति दुःख हुन्छ भन्ने थाहा पाएको भए आफूले चलचित्रमा काम गर्ने आँट नै नगर्ने बताए । नायिका अश्लेषा ठकुरीले चलचित्रको गीतसंगीतबाट पाएको प्रतिक्रियाले आफू उत्साहित भएको सुनाइन् । चलचित्रको ३ वटा गीत सार्वजनिक गरेपछि ट्रेलर बजारमा ल्याइएको हो ।

## देशव्यापी प्रदर्शनमा "कारखाना"

यही असार १६ गतेबाट देशव्यापी प्रदर्शनमा आउन लागेको फिल्म हो 'कारखाना' । 'होस्टेल रिर्टन्स' बाट नेपाली रजतपटमा भित्रिएका सुशील श्रेष्ठ र 'नाई नभन्नू ल २' बाट भित्रिएकी वर्षा सिवाकोटी अभिनित फिल्म 'कारखाना' लभस्टोरी र एक्सनप्रधान रहेको निर्माणपक्षको दाबी छ । फिल्ममा वर्षा र सुशीलका अलावा नविन लम्साल, जेविका कार्की, विकास उप्रेतीको अभिनय देख्न सकिन्छ ।

'नाई नभन्नू ल', 'पशुपति प्रसाद', 'लप्पन छप्पन', 'सुब्बा साब' लगायतका फिल्ममा काम गरिसकेकी वर्षाले अझै पनि आफूलाई नायिकाको रुपमा स्थापित गर्न सकेकी छैनन् । 'नाई नभन्नू ल २' र 'पशुपति प्रसाद' ले व्यावसायिक सफलता हात पारेपनि त्यसले वर्षाको करिअरमा इट्टा थप्न खासै ठूलो मद्दत गरेन ।

आफू अभिनित फिल्ममा स्टारकास्ट नायकले गर्दा वर्षा बारम्बार ओझेलमा पर्ने गरेकी छिन् । अब वर्षालाई भर भनेपनि आश भनेपनि असार १६ गतेबाट रिलिज हुन लागेको फिल्म 'कारखाना' माथी नै छ । यो फिल्ममा वर्षा मुख्य भूमिकामा प्रस्तुत भएकी छिन् । त्यसैले 'कारखाना'को व्यापारिक रिपोर्टले वर्षाको करिअरका लागि ठूलो अर्थ राख्छ । यसकारण वर्षाका लागि 'कारखाना' चल्नै पर्ने देखिन्छ ।

त्यस्तै, नायक सुशील श्रेष्ठका लागि पनि 'कारखाना' विशेष छ किनकी 'होस्टेल रिर्टन्स' बाट उनले फिल्ममा डेब्यू गरेपनि अझै उनलाई नायकको रुपमा स्थापित गर्ने एउटा बलियो फिल्म आवश्यक परेको छ । हुनत, 'कारखाना' रिलिजपछि उनी अभिनित अर्को फिल्म 'सायद २' पनि प्रदर्शनमा आउँदैछ । 'सायद २' का लागि दर्शक तान्नपनि सुशील अभिनित फिल्म 'कारखाना' सफल हुन जरुरी छ ।

नायक सुशील श्रेष्ठले फिल्म 'कारखाना' ले उठाएको विषयवस्तु अहिलेसम्म अन्य फिल्ममा दर्शकहरुले देख्न नपाएको दाबी गरे ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Fritter = खेराफाल्नु As he has nothing to do, he fritters away his time in idle conversation (उसको गर्ने काम केही नभएको हुँदा ऊ आफ्नो समय अल्छीलाग्दो कुरा गरेर बिताउँछ)

Gratify = खुसी पार्नु His success in the job gratified his parents very much (उसले जागिरमा पाएको सफलताले उसको बाबुआमालाई निकै खुसी तुल्यायो)

Hireling = कामदार I do not want to deal with hirelings rather directly with chiefs म कामदारहरूसँग नभई सिधै हाकिमसँग कामको छिनोफानो गर्न चाहन्छु)

Innocuous = हानी नगर्ने A glass of wine with dinner is always innocuous and thus has no ill effect (बेलुकाको खानासँगको एक गिलास रक्सीले कुनै हानी गर्दैन)

Loiter = हल्ली रहनु The policemen suggested him not to loiter in the restricted area (निषेधित क्षेत्रमा नहल्ली रहन प्रहरीले उसलाई सल्लाह दिए)

Muggy = न्यानो तर सुख्खा The month of April in Kathmandu is muggy (चैत्र महिनामा काठमाण्डौमा न्यानो तर सुख्खा हुन्छ )

Nether = तलको, Underwears are nether garments (कट्टु तलतिर लगाउने लुगा हुन)

Ossify = परिवर्तन भई हाड जस्तो कडा हुनु His idea has ossified into strong belief (उसको विचारधारा परिवर्तन भई गहिरो विश्वासमा परिणत भएको छ)

Prodigal = लापरवाहीपूर्वक खर्च गर्ने प्रवृत्ति He will not be so prodigal about spending money when he himself will start earning (जब ऊ आफैंले कमाउन थाल्नेछ तब लापरवाहीपूर्वक खर्च गर्ने छैन)

Quack = ठग Do not be misled by such a quark, he can not cure you (यस्तो ठगको विश्वास नगर उसले तिमीलाई निको पार्न सक्नेछैन)

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

चिठ्ठाको प्रारम्भ कुन देशबाट र कहिले भयो ?
- इटाली, सन् १५३०

७ दिनको एक हप्ता गर्नेहरू को हुन् ?
- बेबिलोनियनहरू

प्रजातन्त्रको सुरूवात सर्वप्रथम कुन देशबाट भयो ?
- ग्रीस

मासुको लागि प्रमुख उत्पादक देश कुन हो ?
- अमेरिका

उत्तर भियतनाम र दक्षिण भियतनाम कहिलेदेखि एउटै भयो ?
- सन् १९७६, जुलाई २

भूमध्य रेखादेखि ३५८०० किमि माथिको आकाशलाई के भनिन्छ ?
- जियोस्थेशनरी अरविट

विश्वको पहिलो संस्थानको रूपमा कसलाई लिइन्छ ?
- पोर्थ अफ लण्डन अथोरिटी

विश्वमा सबभन्दा बढी साक्षरता भएको देश कुन हो ?
- फिनल्यान्ड

अन्तर्राष्ट्रिय मुद्रा कोषको स्थापना कहिले भयो ?
- सन् १९४५, डिसेम्बर २७

विश्व प्रसिद्ध अंग्रेजी कवि को हुन् ?
- शेक्सपियर

विश्व प्रसिद्ध पुस्तक एसिया अफ द डर्कनेशका लेखक को हुन् ?
- भिएस नेपाल

विश्व प्रसिद्ध फ्रेन्च इन्जिनियर को हुन् ?
- अलेक्जेन्डर गुस्ताफ एफिल

कोलम्बसले द.अमेरिका कहिले पत्ता लगाए ?
- सन् १४९८

अहिंसा र सत्याग्रह सिद्धान्तका प्रयोगकर्ता को हुन् र कुन देशका हुन् ?
- महात्मा गान्धी, भारत

## फरक थाहा पाई राख्नुहोस्

Respectfully = आदरका साथ He carries-out every directive respectfully ऊ हरेक निर्देशनहरू आदरका साथ पालना गर्दछ।

Respectively = क्रमशः Ram and Shyam carried out their duties respectively राम र श्यामले क्रमशः आफ्नो कर्तब्य निर्वाह गरे ।

Respectably = भलादमीपाराले He behaves with everyone respectably ऊ हरेकसँग भलादमी व्यवहार गर्दछ ।

Restive = चुप लागेर बस्न नसक्ने He is so restive that always does something ऊ चुप लागेर बस्न सक्तैन केही न केही गरिरहेकै हुन्छ ।

Restless = अशान्त, धैर्य नभएको He is so restless and can not concentrate in one thing धैर्य नभएको हुँदा ऊ एउटै कुरामा चित्त लगाउन सक्तैन ।

Continue = लगातार The rain continued for three hours पानी लगातार ३ घण्टासम्म पर्‍यो

Resume = रोकिएर पुनः सुरु हुनु After getting well, he resumed his job बिरामीबाट उठेपछि उसले आफ्नो काम पुनः सुरु गर्‍यो ।

Resume' = छोटो वृत्तान्त If you are interested in this post, please send your resume within a week यदि तिमीलाई यो पदमा काम गर्ने इच्छा छ भने आफ्नो योग्यता र अनुभव बारेको छोटो वृत्तान्त एक हप्ताभित्र पठाइदेउ ।

Synopsis = सारांश We do not need detail description rather a synopsis हामीलाई पूर्ण वृत्तान्तको आवश्यकता छैन सारांश भएपुग्दछ ।

Reticent = धेरै नबोल्ने, लजालु I like your daughter because she is reticent धेरै बोल्ने बानी नभएको हुँदा मलाई तिम्रो छोरी मनपर्दछ ।

Taciturn = चाहेर पनि आफ्नो कुरा भन्न नसक्ने, अन्तर्मुखी One can not be open with him because he is taciturn कोही पनि उसँग खुलेर कुरा गर्दैनन् किनकी अन्तर्मूखी छ ।

### सुडोकु-अंक ५८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | | | | १ | | ७ | ८ | |
| | | ६ | ३ | | | १ | | |
| | ८ | | | ६ | ७ | | | |
| | | | | | ९ | | ७ | ५ |
| | ४ | ९ | | | | ३ | २ | |
| ५ | ६ | | १ | | | | | |
| | | | ४ | ८ | | | ९ | |
| | | ८ | | | ६ | २ | | |
| | ५ | ३ | | ९ | | | | ८ |

### अंक ५७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | १ | ८ | २ | ३ | ५ | ४ | ७ | ६ |
| २ | ७ | ३ | ४ | ९ | ६ | ५ | १ | ८ |
| ५ | ४ | ६ | ८ | ७ | १ | ९ | ३ | २ |
| ४ | ६ | ७ | ५ | २ | ३ | ८ | ९ | १ |
| १ | २ | ९ | ७ | ६ | ८ | ३ | ४ | ५ |
| ८ | ३ | ५ | ९ | १ | ४ | ६ | २ | ७ |
| ६ | ९ | २ | ३ | ५ | ७ | १ | ८ | ४ |
| ३ | ५ | ४ | १ | ८ | २ | ७ | ६ | ९ |
| ७ | ८ | १ | ६ | ४ | ९ | २ | ५ | ३ |

# बाल विकास समाजका विविध गतिविधि



शैक्षिक सामग्री वितरण गर्दै हिमालयन हेल्थ इनिसेटिभका सोनाम गुरुङ



शैक्षिक सामग्री वितरण गर्दै बाल विकास समाजका अध्यक्ष सुवास गौतम



शैक्षिक सामग्री पाएका विद्यार्थीहरुको सामूहिक तस्बिर



वृत्तचित्र प्रदर्शनीमा सहभागी बालबालिका तथा अभिभावक




वृत्तचित्र प्रदर्शनीपश्चात् मन्तव्य राख्दै बाल संरक्षण समितिका सदस्य



बालश्रमविरुद्ध अन्तरक्रिया कार्यक्रमका केही झलकहरू







बालश्रम विरुद्धको विश्व दिवस १२ जुनको उपलक्ष्यमा राखिएको अन्तरक्रिया कार्यक्रमका केही झलकहरू

# 'सन्दर्भ १६ औं बालश्रम विरुद्धको विश्वदिवस-१२ जुन, २०१७'

**शैक्षिक सामाग्री वितरण कार्यक्रम**

बल विकास समाजले छात्रवृत्ति कार्यक्रमअन्तर्गत विपन्न वर्गका परिवारका तथा विविध खाले सुविधाबाट वञ्चित बालबालिकाहरुलाई औपचारिक शिक्षाको अवसर प्रदान गर्नका निमित्त आंसिक तथा निरन्तर छात्रवृत्ति सहयोग उपलब्ध गराइन्छ। सबै बालबालिकाहरुलाई शैक्षिक अधिकारको प्रत्याभूतसहित शिक्षाको पूर्ण अवसर दिनु राज्यको दायित्व हो। तथापि राज्यले आफ्नो दायित्व सही रुपमा पूरा गर्न सकिराखेको अवस्था छैन। यसै परिपेक्ष्यमा उक्त कार्यलाई टेवा पुऱ्याउँदै अभिभावकलाई सही अभिभावकत्व वहनप्रति सशक्तिकरण गराउने र बालबालिकाहरुलाई शैक्षिक अवसर दिने उद्देश्यले यस समाजले वि.स.२०५४ सालदेखि औपचारिक शिक्षाका लागि छात्रवृत्ति कार्यक्रम सुरु गरेको हो। "सबैका लागि शिक्षा"भन्ने नेपाल सरकारको नीतिलाई सार्थक तुल्याउनका लागि यस कार्यक्रमले सहयोग पुऱ्याउने लक्ष्य संस्थाले लिएको छ। छात्रवृत्ति कार्यक्रमअन्तर्गत शैक्षिक वर्ष २०७४ मा २ वटा जिल्लाका १४ वटा सामुदायिक विद्यालयमा अध्ययन गर्ने ११०जना विपन्न वर्गका बालबालिकाहरुले औचारिक शिक्षा हासिल गर्ने अवसर पाइराखेका छन्। हाल यस कार्यक्रममा ५४ जना छात्रबृत्ति प्रदायकहरु रहेका छन्। छात्रबृत्तिको लागि बालबालिका छनौट प्रकृयाको लागि विद्यालयसंग समन्वय गर्ने बालबालिका छनौटको लागि विद्यालयलाई पत्रचार गर्ने छात्रवृत्तिका लागि बालबालिकाहरुको नाम संकलन गर्ने सिफारीसमा आएका बालबालिका तथा उनिहरुको अभिभावकसंग अर्न्तकृया सिफारीस आएका बालबालिका कार्यक्रमको लक्षित समुहमा पर्ने जानकारीको लागि घर दैलो गर्ने कार्यक्रमको लक्षित समुहभित्र परेमा बालबालिका छनौट गर्ने छात्रबृत्ति प्रदायकअनुसार बालबालिका छनौट गर्ने। बालबालिकाको परिवारको बिस्तृत विवरण खुल्ने गरी फाराम भर्ने बालबालिकालाई बिद्यालय भर्ना गर्ने बालबालिकालाई शैक्षिक सामाग्री वितरण बालबालिका नियमीत बिद्यालय गए नगएको अनुगमन गर्ने बालबालिकाको त्रैमासिक परिक्षाको नतिजा संकलन गरी छात्रबृत्ति प्रदायकलाई रिपोर्टसहित पेश गर्ने बालबालिकाको प्रगति विवरणसहित केश स्टडी लेख्ने प्रत्येक ३ महिनामा अभिभावक भेला गरी बालबालिकाको पढाईको बारेमा र उनीहरुमा आएको परिर्बतनको बारेमा जानकारी दिने यस किसिमले प्रकृया पुऱ्याई छात्रबृत्तिको लागि बालबालिका छनौट गर्ने गरिन्छ। यसै क्रममा बालविकास समाजले सन्दर्भ १६ औं बालश्रम विरूद्धको विश्वदिवस-१२ जुन, २०१७ को अवसर पारेर छात्रबृत्ति कार्यक्रमअर्न्तगत गत मिति २०७४ जेष्ठ २३ गते मंगलबारका दिन काठमाण्डौ र भक्तपुरका १४ वटा सामुदायिक विद्यालयमा अध्ययनरत ११० बालबालिकालाई शैक्षिक सामाग्री वितरण कार्यक्रम सम्पन्न गरीयो। जसमा बालविकास समाजका अध्यक्ष कार्य समितीका सदस्यहरु, आजिवन सदस्यलगायत अन्य छात्रबृत्ति प्रदायकहरुको पनि उपस्थिती रहेको थियो। कार्यक्रम संचालन बालविकास समाजका कार्यक्रम व्यबस्थापक प्रदिपकुमार श्रेष्ठले गर्नु भएको थियो। कार्यक्रमको शुरुमा उपस्थित छात्रबृत्ति प्रदायक तथा बालविकासका कार्य समितीका सबैलाई आसन ग्रहण गराईयो आसन ग्रहण पश्चात बालविकास समाजका कार्यक्रम निर्देशक श्री किरण थापाज्यूले उपस्थित सबैलाई स्वागत गर्दै कार्यक्रमको बारेमा प्रष्ट पार्नु भयो साथै वहाँले बालविकास समाजले संचालन गर्दै आएको छात्रबृत्ति कार्यक्रमको बारेमा पनि प्रष्ट पार्नु भयो। कार्यक्रम संचालन बालविकास समाजको भवनमा गरिएको हुदा बसाई व्यबस्थापनमा अलि समस्या हुने कारणले सामाग्री वितरण विद्यालयअनुसार गरिएको थियो। पहिलो चरणमा बालकुमारी निमाविका ४५जना दोस्रे चरणमा श्री नवजागृत्ति माविका ११ जना तेस्रे चरणमा श्री जनकल्याण उ माविका १० जनार चौथो चरणमा बाकी रहेका विद्यालय जस्तै पाथीभरा प्राविका ८ जना श्रम राष्टिय माविका ७ जना ग्राम शिक्षा उ माविका १ आजाद मावि १ जना तेज विनायक उ मावि २ शान्ति निकेतन २ जना पद्म उ मावि ३ जना अरुणोदय मावि ५ जना श्री पशुपति मित्र उमावि ९ जना यज्ञमती मावि ४ जना बाल उद्धारका १ जना र कान्ति भैरवका १ जनालाई गरी जम्मा ११० जना बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरियो। आफुले छात्रबृत्ति प्रदान गरेका बालबालिकालाई स्वयम छात्रबृत्ति प्रदायकले आफ्नो हातबाट सामाग्री वितरण गर्नु भएको थियो। शैक्षिक सामाग्री वितरणपश्चात छात्रबृत्ति प्रदायकले आफूले छात्रबृत्ति प्रदान गरेका बालबालिकासंग छुट्टाछुट्टै बसी अर्न्तकृया पनि गर्नु भएको थियो। शैक्षिक समाग्री पाएर बालबालिका तथा उनिहरुका अभिभावक निकै नै खुसि भएका थिए। कार्यक्रमको अन्त्यमा बालविकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकालले आफ्नो मन्तव्य राख्दै कार्यक्रम समापन गर्नु भएको थियो।

**अन्तरक्रिया कार्यक्रम सम्पन्न**

बालविकास समाजद्वारा गठित बाल सल्लाहाकार समितिद्वारा बालश्रम विरुद्धको विश्वदिवस १२ जुन सन् २०१७ को अवसरमा मिति २०७४ साल जेठ ३० गते बालबालिका र भक्तपुर ईट्टा उद्योग व्यवसायी संघ तथा अन्य सरोकारवालाहरु बीच अन्तरक्रिया कार्यक्रम जिल्ला समन्वय समितिको सभाहलमा सम्पन्न भयो। बालविकास समाजको आयोजना, सेभ द चिल्ड्रेनको साझेदारीमा भक्तपुर ईट्टा उद्योग व्यवसायी संघको समन्वयमा संचालित नेपालमा रहेका ईट्टाभट्टामा कार्यरत बालबालिकाहरुको संरक्षण परियोजनाअन्तर्गत यस कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा बाल सल्लाहाकार समितिका पदाधिकारीहरु, भक्तपुरका प्रमुख जिल्ला अधिकारीज्यू, जिल्ला समन्वय समितिका प्रमुखज्यू, महिला तथा बालबालिका कार्यालयका बालनिरिक्षकज्यू, महानगरिय प्रहरी परिसर भक्तपुरका प्रतिनिधि, भक्तपुर ईट्टा उद्योग व्यवसायी संघका कार्य समितिहरु, संचारकर्मीहरु, भक्तपुर जिल्ला बालक्लव सञ्जालका प्रतिनिधिहरु, बालबालिकाहरु, सेभ द चिल्ड्रेन तथा बालविकास समाजका कर्मचारीहरु गरी ४५ जनाको सहभागीता रहेको थियो।

कार्यक्रममा बाल सल्लाहाकार समितिका संयोजक श्री सागर मानन्धरले कार्यक्रमले सभाअध्यक्षको आसनग्रहन गर्नु भएको थियो। त्यस्तै प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी दौण पोखरेलज्यू, विशेष अतिथि भक्तपुर ईट्टा उद्योग व्यवसायी संघका अध्यक्ष नातिभाई हेम्बा, अतिथि भक्तपुर जिल्ला बालक्लव सञ्जालका अध्यक्ष श्रीकृष्ण थापा, महिला तथा बालबालिका कार्यालयका बालनिरिक्षक कुबेर प्रसाद दाहाल, अतिथि सेभ द चिल्ड्रेन सिनियर कार्यक्रम संयोजक निलम धनुषेले आसन ग्रहण गर्नु भएको थियो। कार्यक्रमको उद्घोषण बाल सल्लाहाकार समितिका सदस्य गिता मानन्धरले गरेकी थिइन् भने स्वागत मन्तव्य तथा कार्यक्रमको उदेश्यमाथि प्रकाश समितिका सदस्य मनोज सुनुवारले गरेका थिए। कार्यक्रममा प्रस्तुती समितिका तीनजना सदस्यहरुले गरेका थिए। जस अनुसार पहिलो ईट्टा उद्योगी व्यवसायीहरुले हालसम्म गरेका राम्रा कामहरु सरस्वती मानन्धरले, ईट्टा उद्योगमा भएका समस्याहरु सम्झना मानन्धरले र बालबालिकाको अपेक्षा राम खड्काले प्रस्तुती गरेका थिए। त्यस पश्चात खुल्ला प्रश्नउत्तर सेसन कार्यक्रम राखिएको थियो। यस सेसनमा बालबालिकाहरुले उनीहरुको मनमा रहेका प्रश्नहरु सम्बन्धित निकायहरुलाई राखेका थिए। कार्यक्रममा भक्तपुर ईट्टा उद्योग व्यवसायी संघका अध्यक्षले उत्तर दिने क्रममा आउने बर्षहरुमा हामी व्यवसायीहरुले बाल संरक्षण तथा बालअधिकार विषयमा थप कार्य गर्नेछौं। त्यस्तै भक्तपुर जिल्ला बालक्लव सञ्जालका अध्यक्ष श्री कृष्ण थापाले आफुले घर निमार्ण गर्दा बालश्रम मुक्त ईट्टा उद्योगबाट ईट्टा किनेको बताउदै सबैलाई पुनर्निर्माणको कार्यमा बालश्रम मुक्त ईट्टा उद्योगबाट मात्रै ईट्टा किन्न आग्रह समेत गरे। कार्यक्रमका प्रमुख अतिथिले भन्नुभयो, "बालबालिकाहरुले राखेका अपेक्षाहरुलाई तपाईहरु ईट्टा व्यवसायीले पुरा गरी बालबालिकाको भावनाको कदर गर्नुहोस्"। त्यस पश्चात बालबालिकाहरुले फ्लेक्समा निमार्ण गरेर ल्याएका बालबालिकाको अपेक्षा भक्तपुर ईट्टा उद्योग व्यवसायी संघका अध्यक्ष नातिभाई हेम्बालाई र महिला तथा बालबालिका कार्यालयका कुबेरप्रसाद दाहाललाई सो हस्तान्तरण समितिका राम खड्का र सरस्वती मानन्धरले गरे।

**वृतचित्र प्रदर्शन**

मिति २०७४ साल असार ३ गते शनिबारका दिन भक्तपुर जिल्ला साबिक नगरकोट नगरपालिका वडा नं.६, हाल चाँगुनारायण नगरपालिका वडा नं.८ मा गठित वडा स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समितिको आयोजना तथा बालविकास समाज र युनिसेफको सहयोगमा त्यस वडाका बालबालिका तथा अभिभावकहरुलाई जनचेतना जगाउने उद्देश्यले वृतचित्रमार्फत बालअधिकार, बाल संरक्षण, अभिभावकको दायित्व र सरसफाईमा केन्द्रित दुईवटा वृतचित्र प्रदर्शन गरियो। यस प्रदर्शनीपश्चात् त्यस समितिका सदस्य सचिबले त्यहाँ उपस्थित करिब १२५ जना दर्शकहरुलाई वृतचित्रमा देखाउन खोजिएका विषयमा छलफल तथा समिक्षा गर्दै आआफ्नो क्षमताअनुरुप सबैमा परिवर्तन तथा चेतना फैलाउने कार्य भयो। भविष्यमा आइपर्ने कुनै पनि बालबालिकालाई उनीहरुको अधिकार, संरक्षण, सरसफाई आदि कुराहरुमा हामी अभिभावकहरुले कुनै किसिमको दायित्व पुरा गर्नबाट पछि हट्ने छैनौं भन्दै प्रतिबद्धता जायर गर्दै त्यस वडाका बाल संरक्षण समितिका संयोजक लगायत अन्य सदस्यहरुले पनि अठोट गर्दै कार्यक्रम समापन गरियो।

**प्रस्तुती : अनिल बके/भरत थापा/रन्जना गौतम**

तेस्रो धार

वासुदेव उपाध्याय ढकाल (औपमन्यव)

# मेरो बाबुबाजेको बखान

सर्वश्री नरोत्तम ढकाल मेरो हजुरबुबा- मेरो बाजे । यथानाम तथा काम अर्थात् मानिसमा उत्तम नरोत्तम । आफ्ना पालाका एक प्रसिद्ध ज्योतिषविद भविष्यद्रष्टा कर्मकाण्ड र व्यवहारमा चल्तापुर्जा व्यक्तित्व । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका सल्लाहकार एवं ज्योतिषी कुलानन्द ढकालका वंशज पनि ।

प्रसिद्ध ज्योतिषी नरोत्तम ढकालको बोलीमा अद्भुत चमत्कार थियो, जादु थियो । उहाँले आफ्नो समयमा काठमाडौंमा मात्र होइन, सिंगो नेपालमा प्रसिद्धि कमाउनुभएको थियो ।

एक पटकको कुरा हो । राणा शासनको समय थियो । काठमाडौंको बत्तीसपुतली सडकमा हिँडिरहेको बेलामा हस्तशमशेर जंगबहादुर राणासँग उहाँको एक्कासि जम्काभेट भयो । उहाँले राणाको मुखमण्डलतिर हेर्दै भन्नुभयो- ‘हजुरलाई शुभकामना छ । हजुरको पदोन्नति निकट भविष्यमा नै हुनेवाला छ । नभन्दै भोलिपल्टै राणाको बढुवा भएछ । राणा जर्नेल भएछन् । हस्तशमशेर मेरो हजुर बुबाको जजमान हुनाको साथै पाशा खेल्ने साथी पनि थिए ।

हाम्रो घर बत्तीसपुतलीमा थियो । प्रत्येक बिहान दिनदशा हेराउन आउनेको लामो लस्कर हुन्थ्यो । हेराउन आउनेले ल्याएको भेटीघाटी चामल अक्षता निकै हुन्थ्यो ।

म मेरो हजुरबुबाको मन परेको जेठो नाति भएकाले उहाँकै संरक्षणमा उहाँकै स्याहार सम्भारमा अपूर्व माया ममता पाएर हुर्केको थिएँ । एकाबिहानै पहिले हेराउन आउने पहिलो व्यक्तिले ल्याएको भेटीघाटी पैसा मैले नै पाउँथे । त्यसमा अरुको हक लाग्दैन थियो । मलाई पढाउने लेखाउने जिम्मा पनि उहाँ आफैंले लिनुभएको थियो । कहीँ बाहिर निम्तो सिम्तोमा जानु परेमा उहाँले मलाई पनि साथमै लैजानु हुन्थ्यो । बाबुआमाको माया ममता पनि मैले उहाँबाटै पाएको थिएँ । मेरा बाबुआमा त केवल थपना मात्र थिए । पढ्नु पढाउनुका साथै मलाई आफ्नै साथमा सुताउनु पनि हुन्थ्यो । साँच्चै भन्ने हो भने बाबुआमाले त मलाई जन्म मात्र दिएका थिए । मलाई मेरा बाबुआमाले समेत पिट्न कुट्न पाउँदैन थिए । म ज्यादै पुल्पुलिएको नाति थिएँ मेरो बाल्यकालमा ।

मेरा हजुरबुबा कर्मकाण्डी हुनुहुन्थ्यो । पुरोहित्याइँ पनि गर्नुहुन्थ्यो । जजमानहरु धेरै थिए । मेरो हजुरबुबा समाजसेवी पनि हुनुहुन्थ्यो । बत्तीसपुतलीका जनताले कलधाराको पानी खान पाउँदैन थिए । केवल ढुंगेधाराको पानी र इनारको पानी खाएर बाँच्नु पर्थ्यो बत्तीसपुतलीका जनताले । मेरो हजुरबुबाको अथक प्रयासले अड्डाखाना धाई भनसुन गरी सर्वप्रथम सरकारी धारा कलधारा बत्तीसपुतलीमा जडियो । सबै गाउँलेहरु अति प्रसन्न भए । जयजयकार मनाए ।


अब मेरो पिताजीको पालो आयो । मेरो बुबा पण्डित माधवप्रसाद उपाध्याय ढकाल धर्मशास्त्राचार्य हुनुहुन्थ्यो । उहाँ सर्वप्रथम पण्डित हुनुहुन्थ्यो । व्यासासनमा बसेर पुराण भन्नुहुन्थ्यो । श्रीमद्भागवत महापुराण त उहाँलाई कण्ठस्थ जस्तै थियो । उहाँले नेपाल संस्कृत संग्रहको सरलीकृत प्रारम्भिक संस्कृतादर्शः नामक पुस्तक लेखी प्रकाशन समेत गर्नुभएको थियो । प्रस्तुत पुस्तक संस्कृत भाषा साहित्य रुचाउने र पढ्ने विद्यार्थीका लागि अत्यन्त उपयोगी सिद्ध भएको थियो । उक्त पुस्तक कोर्समा पनि राखिएको थियो ।

मेरो पिताजी पद्मोदय हाइस्कुलका सर्वप्रथम सञ्चालक शिक्षकहरुमध्ये एक हुनुहुन्थ्यो । संस्कृत पढाउने मुख्य गुरु नै उहाँ हुनुहुन्थ्यो । त्यसबखत काठमाडौंमा माधव गुरु भनेपछि बुद्धिजीवी वर्गले राम्ररी चिन्दथे । उहाँ क्लासमा मेचमा बसेर उभिई उभिई पढाउन सक्नुहुन्थ्यो । त्यसैले विद्यार्थीमध्ये कसै कसैले उहाँलाई उभिई उभिई पढाउने गुरु पनि भन्थे । उहाँ संस्कृत भाषा मात्र होइन, अंग्रेजी पनि जान्नुहुन्थ्यो । त्यसैले त्यसबखत संस्कृत एक विषय लिई त्रिचन्द्र कलेजमा पढ्ने विद्यार्थीहरु समेतले बुबासँग ट्युसन पढ्थे ।

मेरो बुबाले ३ वर्षमा एसएलसी पास गराउने योजना भएको रात्रि पाठशाला नक्सालमा पनि पढाउनुभयो । यसरी उहाँले दिनमा पढाउने पद्मोदय हाईस्कुल र रातमा चल्ने रात्रि पाठशाला हाईस्कुल गरी दुइटा हाईस्कुलमा पढाउनुहुन्थ्यो । मेरो बुबा बुद्धिजीवी वर्गमा माधव गुरु भनेपछि नचिन्ने कोही थिएन ।

यसै सन्दर्भमा अर्थात् पढाउने सम्बन्धमा मैले पनि २००६ सालदेखि २००८ सालसम्म पद्मोदय हाईस्कुलमा भोलन्टरी शिक्षकको रुपमा २ वर्ष पढाएको थिएँ । त्यस्तै रात्रि पाठशाला नक्सालमा पनि २०१७ सालदेखि २०२९ सालसम्म १३ वर्ष पढाएको थिएँ । त्यसैले रात्रि पाठशालामा पढाउँदा राति ९ बजे पढाइ सकिएपछि सँगसँगै बुबा र म घर फर्किने गर्थ्यौं ।

मेरो पिताजी पं.माधवप्रसाद ढकाल मेरो हजुरबा नरोत्तम ढकालजस्तै ज्योतिष शास्त्रका ज्ञाता पनि हुनुहुन्थ्यो । उहाँ विशेष गरेर जन्मकुण्डली (टिपन)



लाई चिन्हा बनाउनुहुन्थ्यो । सफा अक्षर सुन्दर कलात्मक रुपले आकर्षक ढंगमा सफा नेपाली कागजमा ज्योतिष हेर्न चाहिने सम्पूर्ण विवरणको साथ लेखिएको त्यस्तो चिन्हाको मूल्य चाँदीको २ रुपैयाँदेखि ५ रुपैयाँसम्म अर्थात् आजको दरभाउमा २ हजारदेखि ५ हजारसम्म पर्थ्यो । तर यस्तो चिन्हा हुने खाने ठूलाबडाले मात्र बनाउन लगाउँथे ।

मेरो बुबा पं. माधवप्रसाद ढकाल ट्युसन पनि गर्नुहुन्थ्यो । ठाउँठाउँमा पढाउन जानुहुन्थ्यो । आफ्नै घरमा पनि बिहान बेलुका अथवा बिदाको दिनमा समेत पढाउने समय निकाल्नुहुन्थ्यो । पशुपतिनाथको मूल भट्टको छोरा रामभद्र अडिगालाई मासिक रु. १० मा पढाउन जानुहुन्थ्यो ।

मेरो बुबा पं.माधवप्रसाद ढकाल मेरो हजुरबुबाले जस्तै जजमानी पनि गर्नुहुन्थ्यो । रामराज पन्त, शंकरदेव पन्त जस्ता ख्यातिप्राप्त व्यक्तिहरु उहाँका जजमान थिए, चेलाहरु थिए । मैले पनि यिनीहरुसँग केही दिन ट्युसन पढेको थिएँ ।

मेरो बुबा पं.माधवप्रसाद ढकाल मेरो हजुरबुबाले जस्तै जजमानी पनि गर्नुहुन्थ्यो । रामराज पन्त, शंकरदेव पन्त जस्ता ख्यातिप्राप्त व्यक्तिहरु उहाँका जजमान थिए, चेलाहरु थिए । मैले पनि यिनीहरुसँग केही दिन ट्युसन पढेको

मेरो बुबा केही समय नेपाली भाषा प्रकाशन समिति घण्टाघरमा पुष्कर शमशेर राणाको अध्यक्षतामा महाकवि लक्ष्मीप्रसाद देवकोटाको साथमा भाषासम्बन्धी काममा जागिरे पनि हुनुभएको थियो ।

अन्ततः मेरो बाबुबाजेको आदर्श जीवन र उल्लेखनीय कृतिहरुको बखान गर्दै यो लेख यहीँ टुंग्याउँछु । हरि ॐ तत्सत् ।

*दिनांक २०७४ ।३ ।१ ।५*

## आचारसंहिता...

यसमा मधेसी दलहरु समेतलाई जोडेर नयाँ समीकरण बनाउने तयारीमा छ भारतीय संस्थापन पक्ष । प्रदेश र संघीय संसदको चुनावमा एमालेको वर्चस्वसँग अहिलेदेखि नै नयाँदिल्ली डराइरहेको छ । स्थानीय तहको पहिलो चरणको निर्वाचनबाट एमाले सबैभन्दा ठूलो दलको हैसियतमा उक्लिएपछि यसलाई ‘साइज’ मा ल्याउने रणनीति दिल्लीले अवश्य तयार गर्नेछ । नयाँदिल्ली नेपालमा ‘प्रो इन्डियन’ सरकार स्थापना गरेर आफ्नो ‘पानी स्वार्थ’ पूरा गरेरै छोड्ने अभियानमा रहेको छ ।

प्रदेश नं. २ लाई अलग्याएर बाँकी २, ५ र ७ मा हुन गइरहेको निर्वाचनमा अशोभनीय रुपमा जनसहभागिता रहने निश्चित जस्तै छ । स्थानीय जनताले निर्वाचनलाई एक महान उत्सवका रुपमा लिइरहेका छन् । चर्को घाम र वर्षातको कुनै प्रभाव नगरी उम्मेदवारहरु घरदैलो कार्यक्रममा व्यस्त देखिएका छन् । कांग्रेस एमाले र माओवादी केन्द्रले यो निर्वाचनलाई आआफ्नो प्रतिष्ठाको विषय बनाएका छन् । तीनवटै दलका केन्द्रीय नेताहरु आआफ्ना उम्मेदवारलाई विजयी गराउन सम्बन्धित चुनावी क्षेत्रहरुमा गएर जनतासँग मत मागिरहेका छन् । दलका उम्मेदवारहरुले महानगर, नगर र गाउँपालिकाको विकास गर्ने प्रतिबद्धता जाहेर गरिरहेका छन् । सिंहदरबारको अधिकार गाउँ सहरसम्म भनिए पनि पहिलो चरणको निर्वाचनबाट विजयी बनेर स्थानीय तहको कार्य सम्हालिरहेकाहरुले आफ्नै एकाधिकार विस्तार गर्ने जमर्को गरिरहेका छन् । यसबाट दल र तिनका उम्मेदवारले लगाइरहेको विकासे नारा जनतालाई बेबकुफ बनाउनका लागि मात्र हो भन्ने पुष्टि हुँदैछ । जनाधिकारमाथि मज्जाक गर्नेहरुलाई फेरि जनताले अर्को निर्वाचनमा दण्डित अवश्य गर्नेछन् ।

निर्वाचन आयोगले उम्मेदवारहरुले कति रकमसम्म चुनावी खर्च गर्न पाउँछन् भनेर प्रस्ट तोके पनि उम्मेदवारहरुले त्यसको कुनै वास्ता गरेका छैनन् न त आयोगले त्यसलाई रोक्ने प्रयास नै गरेको छ । नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दिएकाले चार लाख ५० हजार, गाउँपालिका प्रमुखको उम्मेदवारको हकमा तीन लाख ५० हजार एवं वडाध्यक्ष र सदस्यका लागि एक लाख ५० हजार रुपैयाँ खर्च गर्न पाउने प्रावधान निर्वाचन आयोगले तोकेको छ । तर उम्मेदवारहरुले प्रचारप्रसारका क्रममा जे जसरी खर्च गरिरहेका छन् त्यो डरलाग्दो देखिन्छ । प्रचारका क्रममा उम्मेदवारहरुले जे जस्ता प्रकारका तडकभडक देखाइरहेका छन् त्यसले उम्मेदवारको खर्चको स्रोतमाथि प्रश्न उठाइरहेको छ । उम्मेदवारहरुले निर्वाचन आयोगले तोकेको खर्चको सीमा त नाघेका छन् नै उनीहरुले स्थानीय तस्कर, कालाबजारिया, व्यापारी र ठेकेदारदेखि अवैधानिक हिसाबले धनआर्जन गरेका व्यक्तिबाट चुनाव खर्च उठाइरहेका छन् । यस्तो कार्यले ती उम्मेदवार विजयी भएपछि उनीहरुले बनाउने नीति नियमदेखि गर्ने निर्णयसम्ममा चुनावी दाता हित र स्वार्थभन्दा चुनावी दाताको स्वार्थ अनुकूल नीति नियम बन्नेछ जसले सर्वसाधारणमा स्थानीय लोकतन्त्रको अभ्यासप्रति नै वितृष्णा उत्पन्न हुनेछ ।

स्थानीय तह निर्वाचन नियमावली २०७३ को दफा ४० मा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचन अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको तीस दिनभित्र सम्बन्धित जिल्ला वा क्षेत्रीय निर्वाचन कार्यालयमा बुझाउनुपर्ने उल्लेख छ । त्यसैगरी स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ६४ (३) मा ‘कुनै दल वा उम्मेदवारले निर्वाचनमा गरेको जम्मा खर्च आयोगले तोकेको खर्चको रकम हदभन्दा बढी हुनुहुँदैन’ उल्लेख छ । सोही दफाको उपदफा ५ मा निर्वाचन प्रचारप्रसार खर्चको विवरण तोकिएको समयभित्र नबुझाउने दल र उम्मेदवारलाई आयोगले निर्वाचन आयोगसम्बन्धी प्रचलित संघीय कानुनबमोजिम जरिवाना गर्न सक्ने व्यवस्था छ । निर्वाचन आयोग ऐन २०७३ को दफा २६ मा तोकिएको अवधिमा खर्च विवरण पेस नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हदमध्ये जुन बढी हुन्छ, सोही बराबरको रकम जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ । साथै यही ऐनको २६ (२) मा निर्वाचनको स्वेच्छतामा प्रतिकूल हुने गरी वा गैरकानुनी प्रयोजनका लागि गैरकानुनी तवरले खर्च गरेको देखिएमा आयोगले त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको खर्च बराबरको रकम वा पाँच लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो बराबरको रकम जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ । २६ (३) मा यस्तो जरिवाना ६ महिनासम्म नबुझाउने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले तत्कालै लागू हुने गरी बढीमा ६ वर्षसम्म कुनै पनि निर्वाचनमा भाग लिन रोक लगाउन वा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्छ भन्ने उल्लेख छ । तर भड्किलो खर्च गर्न दल र उम्मेदवारलाई आयोगले कारबाहीमा ल्याउन सकेको विगत उदाहरण छैन । संविधानसभा चुनावमा दश लाख खर्च गर्न पाउने सीमाको पालना कसैले पनि गरेनन् । मनि मसल र माइन्ड संसदीय निर्वाचनका विशेषता बन्दै आएका छन् । देश र जनता गरिब छन् तर दलहरु भने कत्ति धेरै धनी छन् भन्ने कुरा चुनाव प्रचारप्रसारले बताइरहेको छ ।

दल र तिनका उम्मेदवारले प्रचारप्रसारमा गर्ने खर्च कुनै विकास आयोजनामा लगाउने हो भने देशकै कायापलट हुन्छ । उम्मेवारले जुन खर्च गर्छन् त्यो उठाउन उनीहरु भोलि भ्रष्टाचारमा उत्रन्छन् । अनि कसरी हुन्छ स्थानीय तहको समृद्धि र विकास ? आर्थिक रुपले कमजोर दलहरु र तिनका उम्मेदवारले चुनाव जित्ने घटना अपवादबाहेक नहुने निश्चित छ ।

## इलाममा...

बैठकमा नजाने निर्णय गरेको मोर्चाकी नेतृ निरा शर्मा बताइन् ।

दार्जिलिङमा चार दिनदेखि इन्टरनेट बन्द छ । गोर्खाल्यान्डको आन्दोलनका पक्षमा सिक्किममा पनि प्रदर्शन भएको छ । लाखौं सिक्किमी नागरिकले गोर्खाल्याण्डको माग न्यायसंगत भएको भन्दै माग पूरा गर्न आग्रह गरेका छन् ।

**विद्यार्थी एवं सीमा बैठक प्रभावित**

काठमाडौं । गोर्खा जनमुक्ति मोर्चाले दार्जीलिङका विभिन्न शिक्षण संस्थाका छात्रावासेका विद्यार्थीलाई घर जान अनुमति दिएको छ । बन्दले सार्वजनिक सवारीसाधन नचल्ने भएकाले विद्यार्थीलाई गन्तव्यसम्म पुऱ्याउन मोर्चाले आग्रह गरेको छ ।

‘छुट्टै राज्य गोर्खाल्यान्ड नहुन्जेल आन्दोलन जारी रहने भएकाले विद्यार्थीको अध्ययनमा असर पर्ने र आन्दोलनले प्रभाव पार्ने भएकाले उनीहरुलाई आआफ्नो गन्तव्यमा पुऱ्याउन मोर्चाले यस्तो व्यवस्था गरेको बताइएको छ ।

भारत, नेपाल, भुटान लगायतका देशबाट दार्जीलिङ आएर पढने विद्यार्थीको संख्या ठूलो छ । यसपटक अचानक शुरु भएको बन्दले विद्यार्थी घर जान नपाई छात्रावासमै रहन बाध्य भएका छन् ।

दार्जीलिङको अनिश्चतकालीन बन्द यथावत् छ । सवारीसाधन, विद्यालय, उद्योग व्यापार, कलकारखाना बन्द छन् । मुख्यमन्त्री बनर्जीले मोर्चाको आन्दोलनलाई आतंककारी कदम भनेपछि पहाडमा गोर्खाल्यान्डका लागि आन्दोलनरत दल झनै आक्रोशित बनेका छन् ।

गोर्खाल्यान्डको आन्दोलनले लामो समयपछि हुन लागेको नेपाल-भारत जिल्ला प्रमुखस्तरीय संयुक्त सीमा बैठक समेत रोकिएको छ । असार ५ मा गर्ने सहमति भएको बैठक भारतीय जिल्ला प्रशासन प्रमुखले दार्जीलिङ समस्या देखाउँदै आउन नसक्ने जनाएपछि रोकिएको सीमा प्रशासन प्रमुख मोहन पनेरुले जानकारी दिनुभयो ।

बैठकमा सिमाना व्यवस्थापन, सीमाक्षेत्रमा हुने आपराधिक क्रियाकलाप नियन्त्रणलगायत विषयमा छलफल गर्ने तयारी गरिएको थियो । पछिल्लो समयमा इलामको पशुपतिनगरसहित क्षेत्रमा सीमा विवाद बढ्दै गएको छ । नेपाल-भारत सीमाक्षेत्रको पाँचथरदेखि मेची खोलासम्मको साढे ५२ किलोमिटर क्षेत्रमा कतिपय सीमास्तम्भ हराएका छन् भने कतिपय मर्मत गर्नुपर्ने अवस्थामा रहेको सशस्त्र प्रहरी बल इलामका प्रमुख डीएसपी चेतराज जोशीले जानकारी दिनुभयो ।

## भारतको...

होइन भूटानजूस्तै भारतको साथमा उभिन बाध्य भएको छ । नेपालको भूभाग अतिक्रमण गर्ने कार्यमा भारतले तीव्रता दिइरहेको छ । सुदूरपूर्वको मानेभन्ज्याङ अन्तुडाँडा होस् या सुदूरपश्चिमको महेन्द्रनगर भारतले नेपाली भूमि कब्जा गरेकै छ । सीमास्तम्भहरु भत्काउने, फ्याँकिदिने वा पर सारिदिने गरेर भारतीय पक्षले नेपाली जमिन अतिक्रमण गर्ने क्रम बढाइरहेको छ । भारतीय सुरक्षाकर्मी दिनदहाडै नेपालभित्र पसेर नेपाली नागरिकलाई पक्राउ मात्र गर्दैन गोली ठोकेर हत्या गर्छ तर सरकार प्रतिक्रियाविहीन भएर बस्छ । कालापानी, सुस्ता, लिपुलेक भारतले निलिरहेको छ तर नेपालका राजनीतिक दल र तिनका नेताहरु, भारतको विरोध गर्न साहस गर्न सक्दैनन् ।

नेपाली सेना समेत परोक्ष रुपमा भारतबाट नियन्त्रित गरिएको छ सन् १९६५ को सुरक्षा सम्झौताबाट । उक्त सम्झौताअनुसार भारत सरकारले सम्पूर्ण नेपाली सेनालाई आवश्यक पर्ने हातहतियार भारतको अनुमतिबिना अन्यत्रबाट खरिद वा पैठारी गर्न नपाउने व्यवस्था छ । राजा वीरेन्द्रले चीनसँग हतियार खरिद गर्दा भारतले नाकाबन्दी नै लगाएको थियो । नेपाली सेनालाई आवश्यक पर्ने सम्पूर्ण लत्ताकपडा र लजिस्टिकको सामानहरु भारतबाट मात्रै आयात गर्न यो सम्झौताले बाध्य पारेको छ । सन् १९५० को सन्धिबाट भारतले नेपाल एक स्वतन्त्र र सार्वभौम मुलुक हो भनेर स्वीकारेको छ तर त्यसअनुरुपको व्यवहार कहिल्यै गर्ने गरेको छैन । तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले आफ्नो पुस्तक ‘भारतको खोज’ मा लेखेका छन्- उत्तरपूर्वी सिमानामा रहेको नेपाल नै भारतको एक मात्र सच्चा स्वतन्त्र राज्य हो ।’ नेहरुको यो विचारलाई भारतले आफ्नो विदेश नीतिमा समावेश गर्दै आएको छ । सन् १९५० डिसेम्बर ६ मा नेहरुले भारतीय लोकसभामा बोल्दै भनेका थिए- ‘पुराना दिनहरुमा नेपाल स्वतन्त्र राष्ट्र भनिन्थ्यो तर यथार्थ कुरा भन्ने हो भने यो पूर्ण स्वतन्त्र थिएन । नेपाल पूर्ण रुपमा स्वशासित थियो । हाम्रो प्राथमिक स्वार्थ भनेको हाम्रो देशको सुरक्षा हो र सिमानाको सुरक्षा हो । हामीसँग आदिम कालदेखि हिमालयको रुपमा एउटा शानदार सिमाना रहेको छ । भारतीय सैनिक मिसन काठमाडौं आएर त्यसबेलाको सेनाको संख्या २५००० बाट ६००० मा मात्र झारेन, नेपालको उत्तरी सिमानामा भारतले आफ्नो सैनिक चेकपोस्ट स्थापना गरेर २०२६ सालसम्म राखेको थियो । यसैलाई सायद बुझेर न्युयोर्क टाइम्सका रिपोर्टर रबर्ट ट्रमकुले त्यसबेला लेखेका थिए- नेपाल उत्तरी छिमेकी देशबाट हुने कम्युनिस्ट घूसपैठभन्दा प्राचीन कालदेखि प्राप्त स्वतन्त्रतामाथि भारतीय आक्रमणबाट त्रसित भएको बुझिन्छ ।

नेपालले संविधान बनायो, भारतले विरोध गऱ्यो । तराईमा आप्रबासी भारतीयहरुलाई उचालेर नाका थुन्न लगायो । यसैलाई निहुँ बनाएर नेपालमाथि नाकाबन्दी थोपऱ्यो । अंगीकृत नागरिकता र सिमांकनमा भारतले अझै चासो देखाइरहेको छ । ६ वटा मधेसी दललाई एक गराएर भारतले राष्ट्रिय जनता पार्टी नेपाल बनाएको छ र विशेषतः तराईलाई फिजीकरण गर्दै अन्ततः इस्ट टिमोर बनाउने खेलमा भारत लागेको छ । स्थानीय निकाय एवं गैरसरकारी संस्थाहरुको माध्यमबाट साना विकास आयोजनाका लागि भारतीय सहयोगसम्बन्धी ‘नेपाल भारत सम्झौता’ नाम दिइएको एक गोप्य सम्झौतामार्फत भारतीय राजदूतले नेपालमा आफ्ना गतिविधिहरु बढाइरहेका छन् । सन् २००३ मा गरिएको यो सम्झौता हरेक तीन वर्षमा नवीकरण हुँदै आएको छ । परराष्ट्र मन्त्रालयलाई थाहै नदिई यो सम्झौता अर्थमन्त्रालयमार्फत गरिएको छ । विकासे भाषण ठोक्दै भारतीय राजदूतलाई देशको जुनसुकै भागमा जाने छुट छ । नेपालका नेताहरु पनि सहयोगको याचना गर्दै राजदूतको शरणमा जाने गरेका छन् । भारतीय राजदूतकै यस्तो हैसियत जब छ भने भारतीय शासक त चर्का हुने नै भए ।

## काठमाडौं...

गर्ने निर्णय गरेका छन् । एउटा मोबाइल फोनसम्म आफ्नो पैसाले खरिद गर्न नसक्नेहरु अहिलेसम्म के चलाउँथे भन्ने प्रश्न पनि उठेको छ । जबकि नगरपालिकाकै कुचिकारदेखि फुटपातमा तरकारी बेच्नेसम्म, सडकमा जुत्ता सिउनेदेखि खाली सिसी पुराना कागज बेच्नेसम्मले मोबाइल बोकेर हिँड्ने गरेका छन् । के महानगरका निर्वाचित जनप्रतिनिधिहरुसँग मोबाइल थिएन ?

नगर कार्यपालिकाको मंगलबार बसेको बैठकले जनप्रतिनिधिको सेवासुविधाको लागि ३५ लाख छुट्याउने निर्णय गरेको छ । यो सेवा सुविधा चालु असार महिनाभरिको लागि छुट्याइएको हो । सरकारले सेवासुविधा सम्बन्धी ऐन, नियमावली बनाई मुलुकभरका जनप्रतिनिधिहरुलाई सुविधामा एकरुपता कायम गराउने तयारी गरिरहँदा काठमाडौं महानगरका जनप्रतिनिधिलाई भने खानकै हतारो भएको स्पष्ट देखिन्छ ।

उक्त ३५ लाख रकम मोबाइल खरिदमा पनि समावेश गरिएको छ । महानगरका मेयर उपमेयरलाई आफूले रोजेअनुसारको मोबाइल र नगर कार्यपालिकाका ३२ जना वडाध्यक्ष र ८ जना सदस्यलाई ३० हजार मूल्य बराबरको मोबाइल दिने निर्णय गरिएको जानकारी प्राप्त भएको छ । त्यसैगरी मेयर उपमेयरलाई बिलबमोजिमको मोबाइल खर्च भुक्तानी गर्ने र कार्यपालिका सदस्यहरुलाई मासिक २५०० टेलिफोन खर्च दिने निर्णय गरिएको छ ।

बैठकले बैठक भत्ताको समेत टुंगो गरेको छ । मेयर, उपमेयरलाई प्रतिबैठक १५०० र कार्यपालिका सदस्य र आमन्त्रित सदस्यहरुलाई १००० बैठक भत्ता तोकिएको छ । बैठकमा आउँदा १००० सवारी सुविधाबापत पनि दिइनेछ । काठमाडौं महानगरपालिकाका सुरुका बैठकहरु जनताको सेवासुविधा कसरी पुऱ्याउने विषयमा केन्द्रित हुनुपर्नेमा आफ्नो सेवासुविधा बढाउनेमा केन्द्रित भएको देख्दा महानगरमा खञ्चुवाहरुकै रजाइँ चल्ने संकेत देखिएको छ । भनाइ नै छ नि ‘बिहानीले दिउँसोको संकेत गर्छ ।’

यसैबीच कालिकोटको महावै गाउँपालिका २ का वडा सदस्यमा विजयी मातृका सिंहले आफूले पाउने कुनै सेवासुविधा नलिने घोषणा गरेका छन् । उनले आफूले पाउने सेवासुविधा अपांग, असहाय, एकल महिलालाई वार्षिक रुपमा प्रदान गर्ने घोषणा गरेका छन् । सिंह नेपाली कांग्रेसबाट विजयी वडा सदस्य छन् ।

## ठूला...

आतंकवादीको बिल्ला भिराउने साजिस भइरहेको छ । सम्पूर्ण दार्जिलिङबासी एक ढिक्का भएर अस्तित्व र पहिचानको लडाइँ लड्दैछन् । तर कांग्रेस, एमाले, माओवादी केन्द्र जस्ता ठूला दलहरु गोर्खाल्यान्ड आन्दोलनका सम्बन्धमा आधिकारिक धारणा व्यक्त गर्न हिच्किचाइरहेका छन् ।

मधेस आन्दोलनका लागि भारतले नेपालमाथि नाकाबन्दी नै लगायो । संविधान संशोधन गर्न अझै दबाब दिइरहेको छ । दार्जिलिङमा लडिरहेका नेपाली भाषीहरु भारतीय नागरिक भए पनि नेपाली जाति हुन् । नेपाली जातिमाथि पश्चिम बंगाल सरकारको बर्बर दमनले कांग्रेस एमाले र माओवादीको किन छाती नदुखेको होला ? विप्लव माओवादी र देशभक्त पर्यावरणीय सामाजिक मोर्चाले गोर्खाल्यान्ड आन्दोलनको समर्थन गर्दै विज्ञप्ति जारी गरिसकेका छन् ।

मिहिनेतको कमाइको सम्मान गर्ने बानी बसालौं, भ्रष्टाचारमुक्त समाजको निर्माणमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग